
**समृद्ध नेपाल, सुखी नेपाली!**

राष्ट्रिय आकांक्षा हाम्रो गन्तव्य



# एमालेले बनाउँछ !



प्रतिनिधिसभा निर्वाचन-२०८२

**नेपाल कम्युनिष्ट पार्टी (एमाले) को**

## घोषणा पत्र

**प्रकाशक:**
नेकपा (एमाले)
केन्द्रीय निर्वाचन परिचालन कमिटी
च्यासल, ललितपुर

फागुन ७,२०८२

# विषयसूची


**खण्ड- क** अध्यक्षको सन्देश ..... ५

**खण्ड– ख** हाम्रो परिकल्पना र प्रतिबद्धता, विकासका लागि आधारभूत घोषणा ..... १५

१ देश पहिला ..... १६

२ परिपूर्ण लोकतन्त्र, संविधान, कानुनको सर्वोच्चता र सुशासन ..... १९

३ भ्रम होइन, तथ्यमा विश्वास गरौं ..... २२

४ समृद्धिको युगतर्फ नेपाल ..... २३

५ मैत्रीपूर्ण विदेश सम्बन्ध ..... २४

**खण्ड– ग** तुलनामा २०४७ अघि र पछिको विकास ..... २५

**खण्ड– घ** तथ्यले भन्छ, एमाले विकासको संबाहक हो, एमालेले गर्छ ! ..... ३३

**खण्ड– ङ** हामी गर्छौं ! ..... ३९

**खण्ड– च** एमालेले बनाउँछ ! ..... ४७

*समृद्धिका २५ स्तम्भ*

१ हाम्रो अर्थः आधा दशकमा सय खर्ब– एक दशकमा २ सय खर्ब ..... ४८

२ मर्यादित श्रमः स्वदेशमैं रोजगारी, स्वदेशमैं काम ..... ५०

३ सुरक्षित, सम्मानजनक वासः आधुनिक, नागरिकमैत्री आवास ..... ५२

४ गतिशील गाउँ, आधुनिक सहर– आर्थिक विकासको नयाँ लहर ..... ५३

५ सहरको स्वच्छता, पूर्वाधारको पूर्णता– समुन्नत सहर हाम्रो प्रतिबद्धता ..... ५४

६ स्वच्छ पानी, सफा आँगन– स्वस्थ नेपाली, हाम्रो अभियान ..... ५५

७ उद्योग क्षेत्रको विस्तार, उत्पादनमा बृद्धि– २० प्रतिशत योगदान, राष्ट्रको समृद्धि ..... ५६

८ आयात घटाउने, निर्यात बढाउने– भुक्तानी सन्तुलन राष्ट्रिय पक्षमा ल्याउने ..... ५८

९ आधुनिक खेती, उन्नत व्यवसाय– कृषिमै रोजगारी, पर्याप्त आय ..... ५९

१० हरियो वन, समुदायको धन– संरक्षण, उपयोग, दिगो व्यवस्थापन ..... ६०

११ सहकारीमा सुशासन र पारदर्शिता– बचतकर्ताको हित, हाम्रो प्रतिबद्धता ........ ६२

१२ पर्यटकको बृद्धि, लामो बसाइ– गाउँ, सहरमा काम र कमाइ ........ ६३

१३ खेतीयोग्य जमिनमा कुलो र नहर– बाह्रै महिना सिँचाइ, खाद्यमा आत्मनिर्भर ........ ६४

१४ गुणस्तरीय शिक्षा, उन्नत प्रविधि– ज्ञानयुक्त नागरिक, देशका निधि ........ ६४

१५ स्वस्थ खाना, योग/व्यायाम– निरोगी नेपालको महाअभियान ........ ६६

१६ डिजिटल पूर्वाधार– विकास र सुशासनको आधार ........ ६७

१७ सुरक्षित यातायात, आधुनिक पूर्वाधार– दिगो विकास, समृद्धिको आधार ........ ६८

१८ स्वच्छ ऊर्जा, स्वदेशमा खपत– हरित विकास, विदेशमा निर्यात ........ ७०

१९ पुनर्निर्माण र नयाँ निर्माण ........ ७१

२० सुदृढ वित्तीय प्रणाली– उत्पादनशील लगानी ........ ७२

२१ सिर्जनशीलता युवा, नवीन विचार– समाज रूपान्तरणको सुदृढ आधार ........ ७३

२२ ऊर्जावान् खेलाडी, देशको शान– खेलकुदको विकास, राष्ट्रको मान ........ ७४

२३ सफा हात, स्वच्छ प्रशासन– गुणस्तरीय सेवा, जनप्रिय शासन ........ ७५

२४ सबैसँग मित्रता, छैन कसैसँग शत्रुता ........ ७७

२५ नेपालका सद्भाव दूत, एनआरएनको सम्मान– मातृभूमिको विकासमा सार्थक योगदान ........ ७८



खण्ड- क

# अध्यक्षको सन्देश

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

नयाँ संविधान जारी भएपछि तेस्रो पटक आगामी २०८२ फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुन गइरहेको छ। आफ्नो कार्यकाल सकिनुभन्दा अघि नै हुन लागेको यस निर्वाचनको अवसरमा नेकपा (एमाले) यहाँहरू सबैलाई हार्दिक अभिवादन गर्दछ। राष्ट्रियताको रक्षा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा न्यायपूर्ण समतामूलक समाज निर्माणका निम्ति भएका सबै आन्दोलन र क्रान्तिमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरूप्रति हाम्रो पार्टी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, जननेता मदन भण्डारी तथा प्रथम जननिर्वाचित कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीलगायत हाम्रो आन्दोलनमा मार्गदर्शन गर्नुहुने सम्पूर्ण अग्रजहरूको उच्च सम्मानका साथ स्मरण गर्दछ।

संविधान जारी भएपछि २०७४ सालको पहिलो निर्वाचनमा मात्रै होइन, २०७९ सालको प्रतिकूल अवस्थामा पनि यहाँहरूले दिनुभएको साथ–समर्थन र दर्शाउनुभएको भरोसाप्रति हाम्रो पार्टी हार्दिक आभार व्यक्त गर्दछ।

२०८२ भदौ २३ र २४ गते अकल्पनीय घटना घट्यो। हिंसा र विध्वंशबीच अघिल्लो दिन ज्यान गुमाउने युवा—विद्यार्थीहरू र भोलिपल्ट अराजक भीडको आक्रमणमा परी मारिएका सुरक्षाकर्मी तथा नागरिकप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। शोकाकूल परिवारका सदस्यहरू, पीडित बुबाआमा, दिदीबहिनी, दाजुभाइ सबैप्रति गहिरो समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

२०७९ को निर्वाचनको बेला देश राजनीतिक अस्थिरताको दुश्चक्रमा फसेको थियो। मुलुकको राजनीति स्पष्टरूपमा दुई ध्रुवमा विभाजित थियो। हामीले त्यतिखेर राष्ट्रिय हित, स्वाधीनता एवं स्वाभिमानको रक्षाको लागि, राजनीतिक स्थायित्व तथा जनउत्तरदायी शासन व्यवस्थाको लागि यहाँहरूसँग मत मागेका थियौं।

भदौ २४ पछि फेरि हाम्रो देशमा अनिश्चयको तुवाँलो फैलिएको छ। सात दशकभन्दा लामो सङ्घर्षको उपलब्धिका रूपमा प्राप्त हाम्रो संविधान र समग्र व्यवस्थामाथि धावा बोलिएको छ। हाम्रो स्वाधीनता र स्वाभिमानमाथि आक्रमण गरिएको छ। आज नेपाल यस्तो दोबाटोमा उभिएको छ, जहाँ एकातिर रिस, आवेग र आक्रोश छ, अर्कोतिर विवेक र जिम्मेवारी ! 'भत्काउने र बनाउने' परस्पर विरोधी सोचबीच जारी चर्को द्वन्द्वमा देशलाई थप प्रयोगशाला बनाउन खोजिँदै छ।

**आदरणीय मतदाता !** निर्वाचनको केही साताअघि हाम्रा प्रतिबद्धता घोषणा गरिरहँदा यस्तो लाग्छ– सिङ्गो समाज प्रश्नैप्रश्नको घेरामा छ। जसरी आममतदाताको हामीसहित स्थापित राजनीतिक दल र नेताहरूप्रति प्रश्न छ, त्यसैगरी मेरा पनि केही प्रश्नहरू छन्ः

– भदौ २३ गते अघि देश बनिरहेको थियो कि बिग्रेको थियो ? या देश बिग्रेको काल्पनिक भाष्य खडा गरेर समाजमा आक्रोश विस्तार गरिँदै थियो ?
– भदौ २३ गतेको जेनजी प्रदर्शनमा कसले घुसपैठ गऱ्यो ? आयोजकहरूका घोषित कार्यक्रम अनुसार शान्तिपूर्ण प्रदर्शन सकियो भन्दै घर फर्कन लागेका युवाहरूलाई निषेधित क्षेत्रतर्फ जान बाध्य कसले गऱ्यो ?
– भदौ २३ को घटना स्वतःस्फूर्त थियो कि तयारीसहितको षडयन्त्र ? या भदौ २४ को विध्वंशको लागि आधार तयार पार्न घुसपैठियाहरूले भड्काएको हिंसा ?
– जेनजी प्रदर्शनकारीका सरकार, संविधान तथा व्यवस्थाका सन्दर्भमा कुनै माग थिएनन्। हुँदै नभएको माग पुरा गरेझैं प्रणालीमाथि नै धावा बोल्ने गरी प्रतिनिधिसभाको विघटन किन गरियो ?
– त्यो आफूअनुकुल सरकार बनाउने वा चुनाव गराउने योजना मात्रै थियो भने व्यावसायिक प्रतिष्ठानहरू किन जलाइयो ? विचार मात्रै बोकेको कारण एकैसाथ पूर्वदेखि पश्चिमसम्मका विभिन्न जिल्लाका साधारण पार्टी समर्थक समेतको निजी सम्पत्ति लुटपाट, तोडफोड र आगजनी किन गरियो ?
– यदि त्यो राजनीतिक प्रतिशोध थियो भने आफ्नो कर्तव्य पालना गरिरहेका राज्यका सुरक्षाकर्मीमाथि आक्रमण किन गरियो ?

यी प्रश्नहरू निर्वाचनमा आफ्ना **आन्तरिक कमजोरी** लुकाउन अघि सारिएको **देशी/विदेशी षड्यन्त्र**को सिद्धान्त (कन्सिप्रेसी थ्योरी) होइन। संविधान, व्यवस्था र हाम्रो सार्वभौमसत्ताको रक्षा गर्न हामीले माथि प्रश्नहरूको जवाफ खोज्नै पर्छ।

**दिदीबहिनी तथा दाजुभाइहरू !** अस्थिरताको अन्त्य र राजनीतिक स्थिरताको लागि हामीले दशक लामो कठीन यात्रा तय गरेका छौं। अनेक प्रयोग भए, मानौं हाम्रो मुलुक "प्रयोगशाला" हो। हाम्रो पार्टीले आफू र आफ्नो दल होइन **राष्ट्र पहिला**को नीतिमा स्थिरताको लागि यथेष्ट योगदान गर्दै आएको छ।

सबैलाई थाहै छ, संविधान जारी हुनु करिब एक दशकसम्म दलहरूबीच बेमेलमात्र होइन चरम कटुता थियो। सरकार बनाउने र ढाल्ने अस्वस्थ र अराजनीतिक दौडले आमजनतामा निराशा सिर्जना गरेको थियो। त्यस स्थितिमाथि विराम लगाउन '**मिलेर संविधान जारी गर्ने**, निर्वाचन अघि **दलीय**

**सहमतिमा** उपसभामुख/सभामुख, प्रधानमन्त्री र उपराष्ट्रपति तथा राष्ट्रपतिको निर्वाचन गर्ने; नयाँ संविधान जारी भएपछिको पहिलो निर्वाचनमा स्वच्छ प्रतिस्पर्धाबाट बहुमत ल्याउने दलको नेतृत्वमा सरकार गठन गरी जनआकाङ्क्षाको सम्बोधन गर्ने सहमति भयो। हाम्रो इमान्दर प्रयासका विपरीत प्रमुख दलहरूबीचको त्यो सहमति प्रधानमन्त्रीको निर्वाचन हुने क्रममै एउटा पक्षबाट तोडियो। राष्ट्रिय सहमति यही बिन्दुबाट बिथोलियो। सरकार सञ्चालनको नौ महिनामै एमाले नेतृत्वको संयुक्त सरकार ढालियो।

**मिलेर किन नचलाएको ?** भन्ने आमजनताको आग्रहमा बनेको सहमति भङ्ग भएपछि २०७४ को निर्वाचनमा 'विचार–सिद्धान्त' मिल्नेहरू बीच एकता गर्नेगरी वामपक्षीय दलहरूको नयाँ समीकरण बनाइयो। हाम्रो नेतृत्वको मोर्चालाई झण्डै दुई तिहाइ बहुमत प्राप्त भयो। जनउत्साहलाई कायम राख्न र बहुमत–अल्पमतको झिंगे दाउबाट राजनीतिलाई मुक्त गर्न दुई ठूला कम्युनिष्ट पार्टीबीच ऐतिहासिक एकीकरण गरी २०१९ सालपछि विखण्डित कम्युनिष्ट पार्टीलाई सग्लो र बलियो स्वरूपमा उभ्याइयो। वर्षौं लामो राजनीतिक खिचातानी, ०७२ सालको भूकम्प र नाकाबन्दीबाट निराश जनतामा जगाइएको मुर्छित सपना पूरा गर्ने राष्ट्रिय अभियान सुरु भयो। एकता–एकीकरण र सरकार सञ्चालनका क्रममा कमिकमजोरी पनि रहे होलान्, तर जनतामा जागृत अपेक्षाले जहिले नि हुने गरेको 'सरकार र समीकरण'को बहसको ठाँउ 'विकास निर्माण'ले लियो। नेपाल बन्द होइन, नेपाल बन्दैछ भन्ने नयाँ भाष्य सिर्जना गरियो। तर सरकार सञ्चालनको ४१ महिनामै आसा, भरोसाको त्यस विशाल पर्खालमाथि नै प्रहार भयो। फेरि विखण्डन, फेरी सरकार बनाउने र ढाल्ने अरुचिपूर्ण खेलको पुनरावृत्ति भयो।

२०७९ को निर्वाचनमा '**एमाले–एकल अङ्कको**' पार्टी हुनेछ भन्दै सुरु गरिएको हाम्रा विरुद्धको चौतर्फी घेराबन्दीको हामीले साहसका साथ प्रतिवाद गऱ्यौं। हामीले गठबन्धन होइन, अजेण्डाआधारित प्रतिस्पर्धाको पैरवी गऱ्यौं। एमालेलाई लोकप्रिय मतमा पहिलो र सिट संख्याको आधारमा दोस्रो स्थान प्राप्त भयो। '**एमाले बिनाको नेपाली राजनीति**' को परिकल्पनाकारको अपेक्षाविपरीत एमाले, फेरि पनि नेपाली राजनीतिको केन्द्रमा रहिरह्यो। निर्वाचनको नतिजासँगै हामीले राजनीतिक स्थिरताको लागि इस्युआधारित काम गर्ने गरी पूर्वाग्रहरहित ढङ्गले मिल्न चाहने दलहरूसँग एकताको हात अघि बढायौं।

सत्ताको महत्वाकाङ्क्षाभन्दा स्थायित्वलाई प्राथमिकता दिँदै **पुस १०** गते प्रतिनिधिसभाको तेस्रो दलको नेतृत्वमा सरकार निर्माणमा सहजीकरण गऱ्यौं, नयाँ भनिएका दलहरूलाई महत्वकासाथ सरकारमा सहभागी गरायौं। तर हाम्रो त्यो प्रयास **पुस २६** गते नै प्रश्नको घेरामा पऱ्यो। दुई महिनाभन्दा बढी समय '**पर्ख र हेर**'को नीतिमा एमालेले समय खर्चियो, तर पहिलेझै सत्ताको 'म्युजिकल चियर'को पुनरावृत्ति भएपछि **चैत २** गते एमाले सरकारबाट बाहिरियो। एमाले बाहिरिएपछिको त्यो समीकरण एक वर्षै टिकेन। अर्थतन्त्र र वित्तीय व्यवस्था नराम्रोसँग खलबलियो।

स्थिति सुधार्न एमालेले फेरि अर्को एक प्रयास गऱ्यो। २०८० **फागुन २१** गते प्रतिनिधिसभाको पहिलो ठूलो दल सरकारबाट बाहिरियो, एमाले सहितको पाँच राजनीतिक दलको नयाँ गठबन्धन सरकार बन्यो। **चैत ६** गते १३ बुँदे न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प समेत जारी गरियो। जनतामा आशा जगाउन सकिन्छ भन्ने अपेक्षासहित थालिएको त्यो पुनःसंयोजित यात्रा, सरकारको नीति कार्यक्रम र बजेट सार्वजनिक भएसँगै फेरि भत्कियो। प्रतिनिधिसभाको पहिलो र दोस्रो ठूलो दलका प्रमुख नेताहरूलाई पाखा लगाउने मनसायमा तत्कालिन प्रधानमन्त्रीद्वारा "राष्ट्रिय सहमतिको सरकार"को प्रस्ताव सार्वजनिक भएसँगै प्रतिनिधिसभाको बाँकी कार्यकाललाई अस्थिरताको दुश्चक्रबाट बचाउन नेपाली कांग्रेस र नेकपा (एमाले)लाई एउटा ऐतिहासिक गठबन्धन बनाउन प्रेरित गऱ्यो। २०८१ **असार ३०** गते एमाले अध्यक्षको नेतृत्वमा संयुक्त सरकार बन्यो।

संयुक्त सरकारले राजनीतिक स्थायित्व दिने, शिथिल बनेको अर्थतन्त्र र बिग्रिएको वित्तीय व्यवस्था सुधार्ने तथा जनतामा व्याप्त निराशा चिर्दै भरोसा जगाउने नीति लियो। बाढी–पहिरोजस्ता प्राकृतिक विपत्तीबीच सरकार सञ्चालनको ६ महिनाभित्रै ६ अध्यादेशमार्फत् २९ कानुनमा संशोधन गरियो। यसले समग्र निजी क्षेत्र उत्साहित हुनुका साथै आईटी क्षेत्रका युवा विज्ञहरूमा अभूतपूर्व उत्साह जगायो। यसक्रममा सरकारविरुद्ध चालिएका सबै कदमहरू असफल भए भने अफवाह र भ्रम चिर्न सरकारले भरमग्दुर प्रयास गऱ्यो।

राजनीतिक स्थिरताको लागि संयुक्त सरकार बनाइयो। तर पहिले **किन नमिलेको** ? भन्नेहरूबाट नै अहिले **संयुक्त सरकार किन बनाएको** ? भन्ने प्रश्न गरिएको छ। कसैले त 'प्रमुख पार्टीहरू मिलेर सरकार बनाएकोले विकल्पहीन अवस्था सिर्जना भयो, त्यसैले दुर्घटना भयो' भनेको समेत सुनिँदैछ।

हामीले बुझ्नुपर्छ– ठूला पार्टीहरू मिलेकै कारण दुर्घटना भएको होइन, उनीहरूबीचको एकता फुटाउन–भत्काउनका लागि दुर्घटना गराइएको हो। संवैधानिक प्रक्रियाबाट सरकार ढाल्ने र अस्थिरताको चक्र निरन्तर सञ्चालन गरिरहने सम्भावना नभएपछि नयाँ ढङ्गको षड्यन्त्र सुरु भएको हो। मौकाको पर्खाइमा रहेको अस्थिरताको उत्प्रेरकलाई सर्वोच्च अदालतको आदेशअनुसार सरकारले 'सामाजिक सञ्जाल नियमनका लागि दर्ता हुन नआउने प्लेटफर्महरू बन्द गर्ने' निर्णय गर्नासाथ बहाना मिल्न गयो। त्यही बहानामा भदौ २३/२४ को भयानक घटना घटाइयो, जुन राज्यविरुद्धको एक गम्भीर षड्यन्त्र थियो।

**प्रिय दिदीबहिनी तथा दाजुभाइहरू !**

यहींनेर मेरो प्रश्न छ–

- देशलाई समृद्ध तुल्याउन, जनतालाई सुखी बनाउन बाधक रहेको राजनीतिक अस्थिरताको अन्त्यका लागि वैधानिक सीमाभित्र रही सक्दो प्रयास गर्नु गलत हो र ?
- निराशा चिर्न समृद्धिको 'सपना' देख्नु अपराध हो र ?

हो, कस्तै कठिनाइ आइपरे पनि हामी लोकतन्त्रको आधरभूत मूल्य, मान्यतामा भने सम्झौता गर्न सक्दैनौं, गर्दैनौं । मूल्य, मान्यतामा सम्झौता गर्थे भने हाम्रा पुर्खाले सताब्दी लामो जहानियाँ शासनविरुद्ध लड्ने आँट गर्ने नै थिएनन् । मैरै पुस्ताले पनि मृत्यु, यातना, जेल–नेलको पर्वाह गरेको भए निरंकुश राजतन्त्रको नेतृत्वमा सञ्चालित पञ्चायती तानाशाही व्यवस्थाविरुद्ध लड्ने साहस गर्ने नै थिएनन् । पटक–पटक सिर्जना गरिएको जोखिम र गम्भीर चुनौतिको सामना गर्नै सक्ने थिएनन् । जेसुकै नाममा भएको होस 'लक्षित हिंसा'को दृढतापूर्वक सामना गर्ने र 'सत्ताको शस्त्रीकरण' गरी भय र त्रासको वातावरणमा शासन लाद्न चाहने कोहीसँग पनि बिना हिचकिचाहट भिड्ने र देश तथा जनताको लागि सङ्घर्षरत रहने थिएनन् ।

आज 'नयाँ कि पुरानो'को असान्दर्भिक भाष्य खडा गर्ने प्रयत्न पनि देखिन्छ, सुनिन्छ । आममतदातालाई जानकारी नै छ, आज नयाँ भनिएका कोही पनि नयाँ हैनन् । भ्रममा पर्न हुन्न, नयाँ भनिने समेत कोही पनि परिक्षण हुन बाँकी छैनन् । चर्चामा रहेका पात्रहरूले स्थानीय होस् कि संघीय सरकार, त्यसमा सहभागी भइ आफ्नो 'क्षमता र हैसियत' देखाइसकेका छन् ।

एमालेका विगतका आफ्ना कामका अभिलेखहरू नै छन्, आन्दोलनमा मात्रै होइन नीति सुशासन र विकास निर्माणमा समेत यसले आफूलाई 'नेता' साबित गरेको छ ।

हाम्रो कार्यशैली प्रमाणित छ– लक्ष्य तोकेर अघि बढ्ने, जे थालिन्छ, सम्पन्न गर्ने । जे बोलिन्छ, पूरा गर्ने !

त्यसैले हामी, सरकारको नेतृत्व लिनासाथ कामको लक्ष्य निर्धारण गर्छौं, सम्पन्न गर्ने समयसीमा तोक्छौं र काम थाल्छौं । प्रधानमन्त्रीसँग मन्त्रीले, मन्त्रीसँग सचिवले र सचिवसँग सहसचिवले क्रमशः माथिल्लो तहका कार्यकारीले आफ्नो मातहतकासँग कार्यसम्पादन करार गरेर काम थाल्छौं ।

यसरी समयसीमा तोकेरै काम थाल्ने र पूरा गर्ने परिपाटी नेपालको इतिहासमा हामीले नै सुरु गरेका हौं । त्यसरी काम नगरेको भए त्रिवीको क्रिकेट रंगशाला बन्ने थिएन । काम नै रोकिएको नारायणगढ–बुटवल राजमार्ग बन्ने थिएन, न त मुग्लिङ–पोखरा सडक आजको जस्तो फराकिलो र आकर्षक हुने थियो ।

त्यसो नगरेको भए २५ वर्षदेखि केवल चर्चामा रहेको मोतिहारी– अमलेखगञ्ज अन्तरदेशीय पेट्रोलियम पाइपलाइन काम थालेको १५ महिनामैं बन्ने थिएन।

त्यसो नगरेको भए ३/३ जना प्रधानमन्त्री र २/२ जना कार्यकारी अधिकृत फेरिँदा पनि जहाँको तहीँ रहेको भूकम्पपछिको पुनर्निर्माण कार्य तोकिएको समयसीमामैं सम्पन्न हुने थिएन। ढलेको धरहरा उठ्ने नै थिएन, जीर्ण सिंहदरबार बन्ने नै थिएन, धाँजा फाटेको रानीपोखरी आजको स्वरूपमा देखिने थिएन। ७५१ स्वास्थ्य संस्था, साढे ७ हजारभन्दा बढी विद्यालय बन्ने थिएन, अढाइ सय सुरक्षाकर्मीका आवास र झण्डै ६ सय सरकारी कार्यालय बन्ने नै थिएन। ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण सुरुनै हुने थिएन। भूकम्पले छाना बाहिर पुऱ्याइएका नागरिकका ८ लाखभन्दा बढी आवास पुनर्निर्माणको काम सम्पन्न हुने नै थिएन।

काठमाडौं–तराई मधेस द्रूतमार्गको कामको पछिल्लो नतिजा होस् या भारत–चीन जोड्ने हुम्लाको हिल्सा नाकामा यातायात पुऱ्याउने काम होस्, हाम्रो काम गर्ने यही तरिकाका उपज हुन्। दैलेखको ग्याँस उत्खनन् होस् या नवलपरासीको धौवादी फलाम खानीको कामको तीव्रता– त्यसमा हाम्रो तदारुकताका पाइला भेटिन्छन्।

हामीले नै ल्याएका हौं, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम, एक खर्बभन्दा बढी रकम सञ्चित रहेको यस स्किमबाट आज २७ लाखभन्दा बढी योगदानकर्ताहरू लाभान्वित छन्। हामीले नै स्वास्थ्य बीमाको कार्यक्रम सुरु गरेका थियौं। तर, सिंहदरबार जलाएर आएको शक्ति आज सत्तामा छ, त्यसले नागरिकको स्वास्थ्य बीमाको कार्यक्रमलाई बन्द गर्ने ठाउँमा पुऱ्याएको छ।

हामीले काम नगरेको भए– तुइन चढेर जोखिमपूर्ण रूपमा नदी पार गर्नुपर्ने ठाउँका नागरिकहरू झोलुङ्गे र पक्की पुल तर्न पाउने थिएनन्।

नागरिक एप जस्तो डिजिटल प्लेटफर्म हामीले नै बनायौं। व्यक्तिका नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचय–पत्र, मतदाता परिचय–पत्र, लाइसेन्सलगायत महत्वपूर्ण कागजात अहिले यसैमा उपलब्ध छन्। ३५ भन्दा बढी सरकारी निकायका ६० सेवा यस एपबाट उपलब्ध गराइन्छ। अनलाइन प्रहरी रिपोर्टदेखि वर्षौं लाइसेन्सविहीन सवारी चालकलाई ई–लाइसेन्स र राजधानीमा सुरु गरिएको अनलाइन सवारी जरिवानाले सुशासनमा बल पुऱ्याएको छ।

विरोध/अवरोधका बाबजुद हामीले कर्मी माहुरीजस्तै भूमिका खेल्यौं।

गत भदौमा हामीलाई सरकारबाट हटाइएको मात्र होइन, हाम्रो सार्वभौमसत्ताको प्रतीक सिंहदरबार पनि जलाइयो– हामीले त्यसलाई बनाउनु पर्नेछ। हाम्रो न्यायको सर्वोच्च मन्दिर, सर्वोच्च अदालतसहित अन्य अदालतहरू जलाइएका छन्– हामीले तिनलाई फेरि जस्ताको तस्तै उभ्याउनु पर्नेछ। हाम्रो

सार्वभौमसत्ताको अभ्यास गर्ने थलो संसद् भवन खण्डहर पारियो, त्यसलाई पुननिर्माण गरेर हामीले नै बनाउन सुरु गरेको नयाँ संसद् भवन निर्माण सम्पन्न गर्नु पर्नेछ।

देशभर खरानी पारिएका राज्यका अन्य संरचनाहरू उठाउनु छ, निजी र व्यवसायिक क्षेत्रको ढलेको मनोबल फर्काउनु छ। हामीलाई पुनर्निर्माणको अर्को दायित्व थपिएको छ।

**दिदीबहिनी तथा दाजुभाइहरू !**

एकचोटी दोहऱ्याएर भन्छु, देशैभर गत भदौ २४ गते गरिएको महाविनाश अप्रत्यासित घटना होइन। नेपाल राष्ट्रको सार्वभौमसत्ता र यसको अस्तित्व मेट्न योजनावद्ध रूपमा गरिएको आक्रमण हो। त्यसका लाभग्राहीहरू सरकारमा कुन रूपमा छन् र निर्वाचनमा कुन रूपमा आएका छन्, तपाईंहरूले देख्नुभएकै छ। राष्ट्रका विरुद्ध यति ठूलो महाअपराधको अनुहार छोप्न त्यस घटनामा सामेल केही तत्वहरूले 'नयाँ शक्ति'को मुखुण्डो लगाएका छन्। हामीले तिनलाई चिन्न ढिलो गर्नु हुँदैन।

हामी निर्माणका शक्ति हौं, त्यसैले हामीमा उनीहरूको जस्तो उत्तेजनाको अंश छैन– निर्माणको संकल्प छ।

हामी हाम्रो राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ताका रक्षक हौं, त्यसैले सार्वभौमसत्ता माथिको आक्रमणमा मौन छैनौं।

हामी भयमा बाँचेको समाजलाई शान्ति सुव्यवस्थाको बाटोमा फर्काउन चाहन्छौं– त्यसैले विचारहीन, दिशाहीन र अजेण्डाहीन स्टन्टबाट टाढा छौं।

नेकपा (एमाले) 'जहाँ ढुङ्गा खस्यो, त्यहीँ मेरो निशाना' भन्ने खालको पार्टी होइन। परिश्रमबिनाको कमाइ र सिद्धान्तबिनाको पार्टीमा हाम्रो विस्वास छैन। हाम्रो गन्तव्य निश्चित छ र स्पष्ट छ– समृद्ध नेपाल, सुखी नेपाली। हाम्रो संकल्प दृढ छ– सुशासन, विकास, समृद्धि र समानता !

यसको प्राप्तिका लागि हामीले हाम्रो घोषणा पत्रमा गर्ने कामका फेहरिस्त प्रस्तुत गरेका छौं। तत्काल गर्ने ११ काम, ५ आधारभूत घोषणा र समृद्धिका २५ स्तम्भलाई हामीले यस घोषणाको नीतिगत प्राथमिकतामा राखेका छौं।

निर्वाचनपछि बन्ने हाम्रो सरकारको मन्त्रीपरिषद्को बैठकबाट तत्काल निर्णय गरी समयसीमा तोकेर ११ काम सम्पन्न गर्नेछौं।

खरानी बनाइएको सिंहदरबार, सर्वोच्च अदालतलगायत राज्यका संरचनाहरू उठाउने काम समयसीमा तोकेरै अगाडि बढाउने छौं।

अहिले कोही पुस्तान्तरको चर्चा गर्दैछन्। उनीहरू यो निर्वाचन पाको–पुस्ता र युवापुस्ता बीचको जनमत–संग्रह हो झैं गर्दै छन्। देश न कुनै एक पुस्ताको निजी सम्पत्ति हो, न त रिस र आवेगको प्रयोगशाला ! देश चलाउन अनुभव चाहिन्छ, उर्जा चाहिन्छ, भावी पुस्ताप्रति उत्तरदायित्व र युवा पुस्ताको सहभागिता, सक्रियता, भूमिका र साथ चाहिन्छ। हाम्रो राजनीति पुस्ता भिडाउने होइन। हाम्रो राजनीति पाको, प्रौढ र युवा पुस्ता सबै मिलेर र मिलाएर सबैलाई साथ लिएर हिड्ने हो।

त्यसैले यो निर्वाचन पुस्तान्तरणको होइन, देश बनाउने र भत्काउने बीचको जनमत–सङ्ग्रह हो। यो ‘राष्ट्रघात र स्वाभिमान’ बीचको संघर्ष हो।

**दिदीबहिनी तथा दाजुभाइहरू,**

जलाउनु, भत्काउनु, नागरिकलाई उत्तेजनामा ल्याउनु, फाटो पार्नु र त्यसबाट फाइदा लिनु– हामीसँग प्रतिस्पर्धा गर्न आउनेको परिचय हो।

जोड्नु, मिलाउनु, बनाउनु र सबैसँग सहकार्य गर्नु हाम्रो विशेषता हो। जिम्मेवारी पाएको बेला हामीले गरेका कामका परिणामहरूले नै यसलाई पुष्टि गर्छन्।

तसर्थ, एमाले बनाउने पार्टी हो, **एमालेले बनाउँछ** !

असंवैधानिक ढङ्गले जननिर्वाचित सरकार अपदस्त गरी विघटन गरिएको प्रतिनिधिसभालाई जनअपेक्षाअनुकूल बनाई संविधानको रक्षा र लोकतन्त्र सुदृढ गर्न, राष्ट्रियताको संरक्षण गर्दै गिरेको राष्ट्रिय स्वाभिमानलाई पुनः जागृत गर्न, निर्वाचनको यो अवसरलाई सदुयोग गर्न हामी सार्वभौम नेपाली जनतासामूध् विनम्र अनुरोध गर्दछौं।

**केपी शर्मा ओली**

## ५

विकासका लागि आधारभूत घोषणा

## ११

मन्त्रिपरिषद्को पहिलो बैठकपछि थाल्ने काम

## २५

समृद्धिका स्तम्भ

# एमालेले बनाउँछ !



खण्ड–ख

# हाम्रो परिकल्पना र प्रतिबद्धता, विकासका लागि आधारभूत घोषणा

# १
# देश पहिला

हाम्रो देश नेपाल हाम्रा पूर्खाहरूको साहस, त्याग र बलिदानको जगमा पाँच हजार वर्षभन्दा लामो गौरवमय इतिहास भएको सदैव स्वाधीन राष्ट्र हो। यो महान् देशको नागरिक हुन पाउँदा हामी गौरव गर्दछौं। मातृभूमि नेपालको रक्षाका लागि जस्तोसुकै बलिदान गर्न हामी तयार छौं। हामी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वतन्त्रता एवं राष्ट्रिय हितको रक्षा र सम्वर्द्धनको विषयमा कुनै प्रकारको कमिकमजोरी हुन नदिने घोषणा गर्दछौं।

देशलाई चरम अस्थिरताको चक्रव्यूहमा फसाउन खोजिएको षड्यन्त्रबारे हामी पूर्ण सचेत छौं। हामी शान्तिभंग गर्ने जुनसुकै स्वरूपका कार्य र घटनाहरूको डटेर प्रतिवाद गर्छौं, द्वन्द्व र अस्थिरता भड्काउने षड्यन्त्रहरू परास्त गर्छौं। अशान्ति, असुरक्षा र अव्यवस्थाका स्रोत र स्वरूपहरूको अन्त्य गरी नेपाली समाजलाई सबै प्रकारका भयबाट मुक्त गर्ने घोषणा गर्दछौं।

हामीले, २०७२ सालको भूकम्पको क्षतिको पुनःनिर्माण सम्पन्न गर्‍यौं। दक्षिणी सीमामा लगाइएको नाकाबन्दीको डटेर सामना गर्‍यौं र स्वाभिमानको रक्षा गर्‍यौं। विविध आशंकाहरूका बीच कोभिड–१९ स्वास्थ्य महामारीबाट तुलनात्मक रूपमा न्यून क्षतिमा आमजनताको जीवनरक्षा गर्न सफल भयौं। प्रकृतिजनित महामारी र स्वास्थ्य संकटबाट समाजलाई जोगाउँदै र पुनर्उत्थान गर्दै देशको समग्र विकास निर्माणमा हामी क्रियाशील थियौं।

तर पछिल्लो केही समयमा यी दुई महामारी र अवरोधभन्दा ज्यादै संगिन मानवसिर्जित अपराधिक श्रृंखलाबाट देश आक्रान्त भयो। लोकतन्त्रको अभ्यास गर्ने सरकारका तीनवटै अंग– कार्यपालिका सञ्चालन हुने केन्द्रीय प्रशासनिक सचिवालय सिंहदरबार, संघीय संसद् सञ्चालन हुने भवन, प्रदेशसभा सञ्चालन हुने प्रदेशसभा भवन, नगरपालिका भवनजस्ता जनप्रतिनिधिमूलक संस्थाका भवनहरू, सर्वोच्च अदालतलगायत विभिन्न अदालतहरू, देशैभरिका सरकारी संरचनाहरू, सुरक्षा निकायका भवन, सञ्चारगृहका

भवन, उद्योग व्यवसायीका प्रतिष्ठानहरू, राजनीतिक दलका कार्यालयहरू, जनप्रतिनिधि र विभिन्न राजनीतिक दलका नेता कार्यकर्तालगायत आमनागरिकहरूका घरहरू आगो लगाएर ध्वस्त पारिए।

त्यतिमात्रै होइन, सुरक्षाकर्मीको हातहतियार लुटियो, सवारी साधन जलाइयो, प्रहरीको निर्मम हत्या भयो। राजनीतिक नेताहरूमाथि सांघातिक हमला भयो।

आज आमजनता त्रसित र आक्रोशित छन्। त्रास र भयको वातावरण सिर्जना गरेर अदृश्य वा भूमिगत तत्वले अनधिकृत रूपमा शासन कब्जा गरेको छ, सत्ताको दुरूपयोग गरिरहेको छ, भय दोहनबाट देशलाई तत्कालिक रूपमा अशान्त र दीर्घकालमा चरम विग्रह र विघटनतर्फ धकेल्न खोजिरहेको छ।

हामी राज्य, जनता, लोकतन्त्र र संविधान विरुद्धको अक्षम्य अपराधको श्रृंखलालाई कहिल्यै दोहोरिन नदिने गरी सदाका लागि अन्त्य गर्ने, यी कार्यमा संलग्नलाई कानुनको दायरामा ल्याउने र आम नागरिक, समाज तथा राज्य संयन्त्रको विश्वास पुनः सशक्त बनाउने र सिंगो राष्ट्रको पुनर्उत्थान गरी छाड्ने र देशमा शान्ति, सुव्यवस्था र सुशासन कायम गरी छाड्ने घोषणा गर्दछौं।

आज हाम्रा पुर्खाले अनेकौं त्याग र बलिदानबाट निर्माण र एकीकृत गरेको प्यारो मातृभूमि नेपालको समृद्ध सामाजिक एकता, सद्भावसहितको सामाजिक सुव्यवस्था र सामाजिक सुसम्बन्धयुक्त प्रणालीलाई ध्वस्त पारेर राष्ट्रिय एकतालाई छिन्नभिन्न बनाउँदै जाति, भाषा, धर्म, संस्कृति, भूगोल र पुस्ताका नाममा विभाजन गरी देशलाई भित्रैबाट कमजोर पार्ने 'कुटिल' षड्यन्त्र भइरहेको छ। यस्ता षड्यन्त्रहरूलाई असफल पार्दै सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव बृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा गर्दछौं।

नेपाल मानव सभ्यता र संस्कृतिको अग्रणी प्राचीनतम् देश हो। नेपाल हजारौं वर्षका अनुभवले परिमार्जित र सुसंस्कृत हुँदै आएको धर्तीको महत्वपूर्ण 'सांस्कृतिक शक्ति' हो। हाम्रो संस्कृति वसुधैव कुटुम्बकम्बाट अनुप्राणित छ। हाम्रो संस्कृति '**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्॥**' बाट प्रवर्द्धित हो। हाम्रो संस्कृति '**परोपकारस् पुण्याय पापाय परपिडनम्**'को उदात्त विशाल मर्मको सम्वाहक हो। हाम्रो संस्कृति '**मातृदेवो भव। पितृदेवो भव। आचार्यदेवो भव। अतिथिदेवो भव॥**'को मान्यताबाट प्रेरित छ। यस्तो उन्नत संस्कृति, जसबाट सहअस्तित्वको सिद्धान्त, पञ्चशीलको सिद्धान्तलगायत संयुक्त राष्ट्रसंघका बडापत्रका

अवधारणाहरू जन्मिएका छन्। हामी यो गौरवपूर्ण संस्कृति, इतिहास र सभ्यतालाई निरन्तर परिस्कृत रूपमा अघि बढाउँदै यसको रक्षा र सम्बर्द्धन गरी छाड्ने घोषणा गर्दछौं।

हामी सचेत मानव जाति भएका कारणले मानव जाति, जीव र वनस्पतिको अस्तित्व धान्न नसकिने गरी पृथ्वी निर्जीव नहोस् भनेर त्यसका लागि आजैदेखि सजग हुनु पर्दछ भनेर वातावरण रक्षाको लागि क्रियाशील छौं। वातावरण मासियो, इकोसिस्टम बिग्रियो, त्यसमा नकारात्मक असर पर्‍यो भने जीवन र जगत् संकटमा पर्दछ। नेपाललाई यस विषयमा सजग बनाउँदै वातावरण संरक्षणमा मानवीय योगदान बढाउन, इकोसिस्टम बिग्रिन नदिन, सिंगो पृथ्वीलाई हाम्रो वासस्थानका लागि अनुकूल बनाइराख्न, वातावरण विनाश रोक्ने घोषणा गर्दछौं।

आज हाम्रा पुर्खाले अनेकौं त्याग र बलिदानबाट निर्माण र एकीकृत गरेको प्यारो मातृभूमि नेपालको समृद्ध सामाजिक एकता, सद्भावसहितको सामाजिक सुव्यवस्था र सामाजिक सुसम्बन्धयुक्त प्रणालीलाई ध्वस्त पारेर राष्ट्रिय एकतालाई छिन्नभिन्न बनाउँदै जाति, भाषा, धर्म, संस्कृति, भूगोल र पुस्ताका नाममा विभाजन गरी देशलाई भित्रैबाट कमजोर पार्ने 'कुटिल' षड्यन्त्र भइरहेको छ। यस्ता षड्यन्त्रहरूलाई असफल पार्दै सामाजिक न्याय र समानतामा आधारित समृद्ध पारस्परिक सद्भाव बृद्धि गर्दै 'विविधतामा एकता'को बाटोबाट सिंगो राष्ट्रलाई एकताबद्ध बनाउने घोषणा गर्दछौं।

# २

## परिपूर्ण लोकतन्त्र, संविधान, कानुनको सर्वोच्चता र सुशासन

पछिल्लो समयमा अप्रत्याशित जस्तो देखिने तर नियोजित विध्वंसात्मक अपराधिक घटनाहरूले हाम्रो लोकतन्त्रलाई अंगभंग र क्षतविक्षत बनाएको छ। हामी घाइते लोकतन्त्रलाई सग्लो र सदा अनतिक्रम्य जनताको परिपूर्ण लोकतन्त्र (कम्प्रह्यान्सिभ डेमोक्रेसी) बनाउने घोषणा गर्दछौं। हामी परिपूर्ण लोकतन्त्रसहितको नेपाली विशेषताको समाजवाद निर्माण गर्न चाहन्छौं।

करिब सात दशकसम्म अकल्पनीय जोखिम, कष्ट, पीडा सहेर, मृत्युसँग जुधेर, त्यतिमात्रै होइन, कतिपय सपूतहरू सहिद भएर मात्रै नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको संविधान, २०७२ मा जारी गर्न सफल भएका हौं। जननिर्वाचित प्रतिनिधिहरूले लेखेको संविधान आज हुलदंगा र आगजनीबाट थिचिएको छ, मिचिएको छ, मुर्छित छ र जलेको छ। हामी नेपाली जनताको यो संविधानलाई राष्ट्रिय सहमतिका आधारमा अझ परिमार्जन गर्दै पुनः जीवन्त र क्रियाशील बनाएर व्यवहारमा कार्यान्वयन गरी छाड्ने घोषणा गर्दछौं।

जनताले निर्माण गरेको संविधानका आधारमा राज्य सञ्चालन हुनुपर्दछ। लोकतान्त्रिक प्रणालीमार्फत् अभिव्यक्त वैधानिक र न्यायोचित जनादेशमात्रै राज्य सञ्चालनको निर्णायक आधार हो। जनताबाट निर्वाचित जनप्रतिनिधिहरूको सरकारलाई मात्रै शासन सञ्चालन गर्ने अधिकार हुन्छ। हामी यी लोकतन्त्रका सास्वत मान्यतामा प्रतिबद्ध छौं। कुनै पनि स्वरूप, कुनै पनि आवरणभित्रको स्वार्थका लागि हिंसाको साहारामा भएको वा हुने सत्ता परिवर्तन हामी स्वीकार गर्दैनौं। संविधानले नचिनेको, जनमतले नजन्माएको, लोकतान्त्रिक पद्धतिबाट परीक्षण नभएको, विध्वंस र आतंकबाट थोपरिएको सत्ता यो देशको सरकार हुन सक्दैन। सत्ता परिवर्तन स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको माध्यमबाट मात्रै हुनुपर्दछ। विधिको साशन र नगरिक सर्वोच्चता हुनुपर्छ। त्यसैले कानुनविपरीत जनतालाई नियन्त्रण गर्ने सत्ताको 'शस्त्रीकरण' (वेपनाइजेशन) को दृढतापूर्वक प्रतिवाद गर्ने घोषणा गर्दछौं।

हामी लोकतन्त्रलाई जीवन पद्धतिको रूपमा अभ्यास गर्दछौं। हामीले अवलम्बन गर्ने लोकतन्त्र बहुदलीय शासन प्रणालीमा आधारित र आवधिक निर्वाचनका माध्यमबाट अनुमोदित जनप्रतिनिधिहरूको सरकारका साथसाथै समानता, न्याय, विकास र साझा

समृद्धिको बृहत्तर जीवन्त प्रणालीको रूपमा अघि बढ्ने छ। हामी लोकतान्त्रिक प्रक्रियालाई निरन्तर परिस्कृत गर्दै अघि बढ्ने घोषणा गर्दछौं।

हामी सबै नेपालीलाई सशक्त र सामर्थ्यवान् बनाई राष्ट्र निर्माणमा सहभागी बनाउने छौं। लोकतन्त्रलाई केही टाठा–बाठा, हुने–खाने, शक्तिशाली र अभिजात्यवर्गका लागि मात्रै होइन, सबै नेपालीका लागि हो भन्ने राजनीतिक विश्वास र निष्ठालाई व्यवहारमा कार्यान्वयन गर्ने घोषणा गर्दछौं।

बृहत्तर लोकतान्त्रिक संरचनाभित्र व्यक्तिको क्षमता विकास गर्दछौं, सबैलाई समान अवसर उपलब्ध गराउँछौं, स्वच्छ प्रतिस्पर्धा र योग्यतामा आधारित पद्धति (मेरिटोक्रेसी) को प्रवर्द्धन गर्दछौं। असमानता, गरिबी, बेरोजगारी, वञ्चितीकरण र निषेधबाट नेपाली समाजलाई मुक्त गर्ने घोषणा गर्दछौं।

ज्येष्ठ नागरिक, शारीरिकरूपमा अपाङ्गता भएका व्यक्तिहरू, सहाराविहीन, अभिभावकविहीन व्यक्तिहरू, पछाडि पारिएका उपेक्षित, पीडित, दलित तथा अन्य उत्पीडित समुदाय, यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत व्यक्तिहरूलाई संरक्षण गर्ने, सम्मानजनक जीवन जिउन दिने मानवीय मूल्यसहितको लोकतन्त्रको अभ्यास गर्ने घोषणा गर्दछौं।

हामी राज्यका सबै तह र पदमा सम्मानजनक महिला सहभागिता सुनिश्चित गर्दै नेतृत्व विकास र निर्णय प्रक्रियामा समान प्रतिनिधित्व प्रवर्द्धन गर्छौं। महिला हिंसा र मानव बेचबिखनबाट सुरक्षा सुनिश्चित गर्दै पीडितमैत्री न्याय प्रणाली र स्थानीय तहमा समन्वय संरचना मजबुत बनाएर यस्ता अमानवीय कार्यलाई नियन्त्रण गर्छौं।

लैङ्गिक असमानता, जातीय विभेद र छुवाछूतको अन्त्य र सामाजिक समावेशीता प्रवर्द्धन गर्दै मर्यादित जीवनस्तर र सबैका लागि न्याय सुनिश्चित गर्छौं। लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानअनुसारको नागरिकता सुनिश्चित गर्छौं।

मानवअधिकार उल्लंघनमा शून्य सहनशीलता अपनाउँदै दण्डहीनताको अन्त्य र पीडितमैत्री न्याय प्रणाली सुनिश्चित गर्छौं। सबै नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवहारिक र न्यायोचित कार्यान्वयन गर्छौं। संविधानमा व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयनको अवस्था नियमित रूपमा पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्छौं।

हामी राजनीतिक दलहरूको अस्तित्व स्वीकार गर्दछौं, संवाद र सहकार्यमा विश्वास गर्दछौं, तथाकथित लोकप्रियतावाद, अतिवाद, निषेध र निरङ्कुशतालाई अस्वीकार गर्दछौं। राष्ट्रिय सुरक्षा, विदेश सम्बन्ध सञ्चालन, सन्धी सम्झौता र विकास निर्माणका आधारभूत विषयहरूमा दलहरूबीच राष्ट्रिय सहमति निर्माण गर्न गम्भीर प्रयत्न गर्नेछौं। राष्ट्रिय विपद् वा संकट समाधानमा सदैव सहमति र एकताका साथ अघि बढ्ने घोषणा गर्दछौं।

कानुन शासक वर्गको स्वार्थ रक्षाका लागि होइन, आमजनताको रक्षाका लागि बनाइनु पर्दछ, राज्यलाई कानुन कार्यान्वयनको जिम्मेवार एवं अभिभावकीय भूमिकामा राख्ने बनाइनु पर्दछ भन्नेमा हामी दृढ छौं। हामी सदैव न्यायोचित कानुनी राजको पक्षमा छौं र हुनेछौं। कानुनको अगाडि हामी सबै समान छौं, कानुनको पालना गर्छौं। सबैबाट कानुनको पालना होस्, कानुनको पालना नगर्ने दण्डित हुनुपर्दछ, यो हाम्रो मान्यता हो। कानुनको पालना नगर्ने जोसुकै राजनीतिक नेता, कार्यकर्ता, कर्मचारी, सुरक्षाकर्मी, न्यायकर्मी, व्यापारी, उद्योगी, व्यवसायीलगायत सबैलाई कानुनको दायरामा ल्याउने घोषणा गर्दछौं।

सुशासनका प्रमुख स्तम्भ– 'शान्ति सुव्यवस्था कायम गर्ने, विधिको शासन सुनिश्चत गर्ने, विकास निर्माण गर्दै नागरिकहरूलाई निष्पक्ष, छिटो छरितो ढंगले गुणस्तरीय सेवा/सुविधा उपलब्ध गराउने, सहज सार्वजनिक सेवा प्रवाह प्रणालीको ग्यारेन्टी गर्ने, अनियमितता, ढिलासुस्ती, विकृतिलगायत सबै प्रकारका भ्रष्टाचारहरू नियन्त्रण र अन्त्य गर्ने प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्ने घोषणा गर्दछौं।

# ३
# भ्रम होइन, तथ्यमा विश्वास गरौं

हामी विक्रम सम्वत् २०४६ सालसम्म लोकतन्त्र प्राप्तिको आन्दोलनमै केन्द्रित हुनुपर्‍यो। बहुदलीय राजनीतिक प्रणालीको अभ्यास सुरु भएको पाँच वर्षभित्रै देश अर्को हत्या, हिंसा र राष्ट्रिय संरचनाहरूको विध्वंसमा फस्यो।

सबै राजनीतिक दलहरू बीचको सहकार्यले गर्दा अनेकौं अवरोधलाई पन्छाउँदै 'नेपालको संविधान', २०७२ सालमा जारी गरी देशलाई सङ्घीय गणतन्त्रात्मक बहुदलीय लोकतन्त्रको युगमा प्रवेश गराउन हामी सफल भयौं। चर्को नाकाबन्दीको सामना गर्दै हाम्रो देशलाई विकासतर्फ फर्कायौं। भौतिक पूर्वाधारहरूको निर्माण, पुनःनिर्माण र स्रोत साधनको परिचालन गर्दै स्पष्ट भिजन, राष्ट्रिय तथा क्षेत्रगत नीति, कार्यक्रम, योजना, रणनीति र सबै सार्वजनिक संरचना सम्पूर्ण रूपमा राष्ट्र निर्माणमा केन्द्रित गर्‍यौं।

कैयौं राजनीतिक षड्यन्त्रको सामना गर्दै प्राकृतिक, स्वास्थ्यजनित र मानवसिर्जित अवरोधलाई छिचोल्दै पछिल्लो दशकमा नेपालले हासिल गरेका उपलब्धिहरू तुलनात्मक रूपमा उत्साहबर्द्धक छन्। आमनेपालीको जीवनस्तरमा गुणात्मक परिवर्तन आएको छ। विकास निर्माण, सार्वजनिक सेवा र समग्र राष्ट्रिय सामर्थ्य सबल र उन्नत हुँदै गएको छ। अबको एक दशकभित्र हाम्रो देशलाई समुन्नत राष्ट्रका रूपमा रूपान्तरण गर्न सकिन्छ, नेकपा (एमाले)ले त्यो सक्छ, हामीमा यो विश्वास छ।

हामी नेपालको विकासक्रमको क्रमिक प्रगतिको यो सत्यलाई गम्भीरतापूर्वक अवलोकन गर्न, समीक्षा गर्न र विगतको अवस्था, हाम्रो भूगोल, हाम्रा स्रोतसाधन, हामीले व्यहोरेको आन्तरिक राजनीतिक अस्थिरता र भूराजनीतिक जटिलतासँग तुलना गरेर हेर्न आदरणीय जनसमुदाय र सबै सरोकारवालाहरूलाई हार्दिक आग्रह गर्दछौं।

नेकपा (एमाले) यो सत्यलाई स्वीकार गर्दछ कि हाम्रो 'परिकल्पनाको' नेपाल अझै साकार भइसकेको छैन, आकाङ्क्षा अपूर्ण छन् र गर्नुपर्ने थुप्रै कामहरू बाँकी नै छन्। हाम्रो गति र शक्ति बढाउनुपर्ने तथ्य आमनेपाली जनसमुदायसँग हामी प्रष्ट राख्छौं। हामी नेकपा (एमाले) नेपाली जनताको भावना र आकाङ्क्षाअनुसार राष्ट्र निर्माणमा निरन्तर खटिरहन कृतसंकल्पित छौं।

# ४
# समृद्धिको युगतर्फ नेपाल

गरिबीमुक्त नेपाल, स्वेदशमै रोजगारीका पर्याप्त अवसर विस्तार भएको नेपाल, उच्च आर्थिक बृद्धिदर भएको नेपाल, उच्चगुणस्तरको शिक्षा, प्राविधिक ज्ञान र गुणवत्तायुक्त जनशक्ति विकास गर्ने शिक्षा प्रणाली कार्यान्वयन भइरहेको नेपाल, उद्यमशील नागरिक भएको नेपाल, जनस्वास्थ्य सचेतनाको विकास र अभ्यास भएको निरोगी नेपाल, स्वास्थ्य उपचारको प्रभावकारी सेवा उपलब्ध भएको नेपाल, स्वस्थ्य र सन्तुलित वातावरण भएको नेपाल, भौतिक पूर्वाधार, ऊर्जा पूर्वाधार र डिजिटल पूर्वाधारयुक्त नेपाल, स्वच्छ र प्रभावकारी सुशासन अभ्यास गरिरहेको नेपाल, सबैको संरक्षण–सबैलाई अवसर–सबैको सम्मान–सबैको विकास र राष्ट्र निर्माणमा सबैको सहभागिता मात्रै होइन, स्वामित्व नै भएको नेपाल—

हामी करिब तीन करोड हिमाल–पहाड–तराईमा बस्ने, स्वदेश र विदेशमा रहेका सबै नेपालीले खोजेको नेपाल हो, हाम्रो 'सपना'को नेपाल हो।

यो युगीन मागलाई सम्बोधन गर्न नेपाललाई एक दशकभित्र समुन्नत राष्ट्रमा रूपान्तरण गर्नु छ। नेपालीको सम्मान र स्वाभिमान विश्वस्तरमा बृद्धि गर्नु छ। यो उन्नत नेपाली जनआकाङ्क्षाको निष्कर्ष 'समृद्ध नेपाल–सुखी नेपाली' नै हो। करिब तीन करोड नेपालीको यो राष्ट्रिय आकाङ्क्षालाई नेकपा (एमाले)ले राष्ट्रिय गन्तव्य निर्धारण गरेको छ। हामी सिंगो स्वाधीन नेपाल र सम्पूर्ण नेपालीलाई समृद्धि र समुन्नतिको गन्तव्यसम्म पुऱ्याएरै छाड्ने संकल्प र घोषणा गर्दछौं।

# ५
# मैत्रीपूर्ण विदेश सम्बन्ध

हामी सार्वभौमसत्ता सम्पन्न स्वाधीन राष्ट्र हौं। हामीले छिमेकी राष्ट्रहरूसँग सधैं इमानदारीका साथ मित्रताको सम्बन्ध राख्न चाह्यौं र राख्दै आयौं। हामी आफ्नो देशभित्र तथा समग्र विश्वमा न्यायको राज र शान्ति कायम भएको देख्न चाहन्छौं। त्यसका लागि हामी सदा क्रियाशील रही आयौं र भइरहने छौं।


हामी कुनै पनि प्रकारको सैन्य गठजोड, हातहतियारको दौड र युद्धले शान्तिका निम्ति योगदान गर्न तथा मानव र धर्तीको सुरक्षामा योगदान पुऱ्याउन सक्ने ठान्दैनौं। हामी विश्व न्याय र विश्व शान्तिका पक्षमा उभिंदै आएका छौं र उभिरहने छौं। हामी स्वतन्त्र, तटस्थ न्याय र विश्वशान्तिमा आधारित असंलग्न वैदेशिक नीति र परराष्ट्र सम्बन्ध कायम राख्दै अघि बढ्ने घोषणा गर्दछौं।

> हामी नेपालको विकासक्रमको क्रमिक प्रगतिको यो सत्यलाई गम्भीरतापूर्वक अवलोकन गर्न, समीक्षा गर्न र विगतको अवस्था, हाम्रो भूगोल, हाम्रा स्रोतसाधन, हामीले व्यहोरेको आन्तरिक राजनीतिक अस्थिरता र भूराजनीतिक जटिलतासँग तुलना गरेर हेर्न आदरणीय जनसमुदाय र सबै सरोकारवालाहरूलाई हार्दिक आग्रह गर्दछौं।

खण्ड–ग

# तुलनामा २०४७ अघि र पछिको विकास

## गरिबीको रेखामुनिबाट माथि उठ्दै




मध्यम वर्गको आकार विस्तार हुँदैछ। विश्व बैङ्कको परिभाषाा अनुसार अब १% भन्दा कम नेपाली मात्र चरम गरिबीमा छन् ।

## देश जोड्ने सञ्जाल: गोरेटोबाट हाइवेसम्म




- काठेपुल र तुइन → टनेल र अग्ला पुल
- सबै जिल्ला सदरमुकाममा सडक पुगेको छ। तुइन लगभग विस्थापित भइसकेका छन्।

हिजो दिनभर लाग्ने यात्रा आज केही घण्टामा छोटिएको छ।



## विमानस्थलको विस्तार तथा सतरोन्नति

हवाई यातायातको मेरुदण्डको रूपमा रहेका विमानस्थलहरूको क्षमता अभिवृद्धि गरिएको छ ।

## हवाइसेवामा समयको विस्तार: रात्रीकालीन उडान




पूर्वाधार विकाससँगै सञ्चालन क्षमतामा पनि उल्लेख्य सुधार आएको छ। हाल आधा दर्जन विमानस्थलमा रात्रीकालीन हवाइसेवा सुचारु भएको छ। यसले गर्दा दिउँसोको समयमा मात्र सीमित रहेको हवाई सम्पर्क अब रातीसम्म विस्तार भएको छ, जसले आपतकालीन सेवा र यात्रुको सुविधामा टेवा पुऱ्याएको छ।

## पहुँचमा क्रान्ति: टेलिफोन सेवा




## इन्टरनेट सेवा: शून्यतादेखि पूर्णतातर्फ




इन्टरनेट सेवा शून्यबाट अहिले **८२ प्रतिशत नागरिकमा** पुगेको छ।

यो पूर्वाधार डिजिटल अर्थतन्त्रको मेरुदण्ड हो।


## अँध्यारोबाट उज्यालो युगमा




प्रतिव्यक्ति विद्युत् खपत: ४२ → ४०० किलोवाट प्रति घण्टा

लोडसेडिङ इतिहास बनेको छ, र हरेक घरमा बिजुली पुगेको छ।

## प्रगतिका तीन मुख्य आधारस्तम्भ





नेपालको जलविद्युत् क्षेत्रले उत्पादन, पहुँच र उपभोग—तीनै आयाममा अभूतपूर्व उपलब्धि हासिल गरेको छ।


तुलनामा























# २०४८ अघि र पछिको विकास

तीन दशकदेखि '**केही भएन, मुलुक बनेन, बर्बाद भयो**' भन्ने भाष्य हासिल गरिएका उपलब्धीको कसीमा पुष्टि हुँदैन।

**देशमा निरपेक्ष गरिबी घट्दै छ।**

२०५२ सालमा औसत ४२ प्रतिशत रहेको निरपेक्ष गरिबी २०६८ सालमा २५ प्रतिशतमा र २०८० सालमा २० प्रतिशतमा झर्‍यो। २०६८ सालको उपभोगलाई आधार बनाएर गणना गर्दा २०८० मा गरिबीको दर ४ प्रतिशतभन्दा कम छ। विश्व बैङ्कको चरम गरिबीको परिभाषाअनुसार १ प्रतिशतभन्दा कम व्यक्तिमात्र गरिबीमा छन्।

**आयको असमानता पछिल्ला वर्षमा घट्दै गएको छ।**

२०५२ सालमा सबैभन्दा धनी १० प्रतिशत परिवारको आय सबैभन्दा गरीब १० प्रतिशत परिवारको आयभन्दा २१ गुणा बढी रहेकोमा २०८० सालमा आइपुग्दा ६ गुणामात्र बढी छ। पछिल्ला वर्षहरूमा मध्यमवर्गको आकार विस्तार हुँदै गएको छ।

**सडक सञ्जाल ९ हजार किलोमिटरबाट एक लाख १० हजार किलोमिटर** पुगेको छ। सबै जिल्ला सदरमुकाममा सडक पुगेको छ, अधिकांश पालिका सडकबाट जोडिएका छन्, सडक नपुगेका गाउँ विरलै छन्। देश सडक पूर्वाधारमा टनेल तथा अग्ला पुलका नयाँ प्रविधि र संरचनाहरूमा प्रवेश गरेको छ। काठेपूल र तुइन लगभग विस्थापित भइसकेका छन्।

**आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार तथा स्तरोन्नति** भएको छ। आधा दर्जन विमानस्थलमा रात्रीकालीन हवाइसेवा सुचारु भएको छ। दर्जनौं विमानस्थलका धावनमार्गहरू पक्की भएका छन्। दर्जनौं निजी क्षेत्रको आन्तरिक हवाइ सेवा कम्पनी सञ्चालनमा आएका छन्।

**सञ्चार र सूचना प्रविधिमा अभूतपूर्व विस्तार** भएको छ। तीन दशकअघि तीन हजार नागरिकबीच एउटा टेलिफोन रहेकोमा अहिले एक नागरिकमा औसतमा एकभन्दा बढी टेलिफोन छ। इन्टरनेट सेवा शून्यबाट अहिले ८२ प्रतिशत नागरिकमा पुगेको छ। व्यापार, वित्तीय कारोवार, र सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग ह्वात्तै बढेको छ।

**विद्युत् उत्पादन ३०० मेगावाटबाट ४००० मेगावाट** पुगिसकेको छ। प्रतिव्यक्ति विद्युत् खपत ४२ किलोवाट प्रतिघण्टाबाट ४०० किलोवाट प्रति घण्टा पुगेको छ। विद्युत् सुविधा पाउने परिवार १४ प्रतिशतबाट ९७ प्रतिशत पुगेका छन्।

**नागरिकको आवासको स्तरमा उल्लेख्य प्रगति भएको छ।**

पक्की घरमा बस्ने परिवार ११ प्रतिशतबाट ४० प्रतिशत पुगेका छन्। कच्ची छाना भएको घरमा बस्ने परिवार ९० प्रतिशतबाट २० प्रतिशतमा झरेका छन्। जनता आवास, सुरक्षित आवास तथा विपद् पछिको पुनर्निर्माण गरी विपन्न तथा दलित परिवारका लागि ३ लाखभन्दा बढी घर बनिसकेका छन्। भूकम्पपछिको पुनःर्निर्माणअन्तर्गत ८ लाखभन्दा बढी निजी आवास निर्माण भएका छन्।

आधारभूत पिउने पानीको सुविधा पाउने परिवार ४५ प्रतिशतबाट ९५ प्रतिशत पुगेको छ। शौचालय सुविधा भएका घरहरू २२ प्रतिशतबाट ९४ प्रतिशत पुगेका छन्।

**शिक्षाको स्तर बढदै छ।**

विद्यालय शिक्षामा विद्यार्थी टिक्ने अवधि औसत ३ वर्षभन्दा कम रहेकोमा अहिले ९ वर्ष पुगेको छ। विद्यालय शिक्षाका विद्यार्थी करिब ४६ लाखबाट ८५ लाख पुगेका छन्। उच्च शिक्षातर्फ विद्यार्थी संख्या १ लाखबाट बढेर ६ लाख पुगेको छ।

**स्वास्थ्य स्थिति सुधारोन्मुख छ।**

नेपालीको औसत आयु ५५ वर्षबाट बढेर ७२ वर्ष पुगेको छ। बाल मृत्युदर १३९ प्रति एक हजार जन्मबाट २७ मा झरेको छ। मातृ मृत्युदर ८५० प्रति एकलाख जीवित जन्मबाट १५१ मा झरेको छ। बाल मृत्यु तथा मातृ मृत्युदरमा उल्लेख्य सुधार गरेका कारण नेपाल अन्तर्राष्ट्रिय मञ्चमा सम्मानित पनि भइसकेको छ।

राजनीतिक, सामाजिक तथा आर्थिक क्रियाकलापमा **महिलाको सहभागिता** उल्लेख्य रूपमा बढेको छ।

तीन तहका निर्वाचित जनप्रतिनिधिमा करिब ४१ प्रतिशत महिला छन्, जसमा दलित महिलाको उपस्थिति सम्मानजनक छ। महिला साक्षरता दर २५ प्रतिशतबाट ६५ प्रतिशत पुगेको छ। देशले माध्यमिक शिक्षामा लैङ्गिक समानता हासिल गरेको छ भने उच्च शिक्षामा समानताउन्मुख छ।

**महिलाको सम्पत्तिमाथिको अधिकार**मा उत्साहप्रद प्रगति भएको छ।

दुई दशकमा आफ्नो नाममा घर जग्गा हुने महिलाको अनुपात ८ प्रतिशतबाट बढेर २४ प्रतिशत पुगेको छ। निजामति सेवामा महिला उपस्थिति झण्डै ५ गुणा बढेको छ।

राजकीयमात्र नभएर गैरसरकारी क्षेत्रमा समेत महिलाको भूमिका बढ्दो छ। सहकारी, निजी तथा सामुदायिक संस्थामा महिला नेतृत्व उल्लेख्य रूपमा बढेको छ।

समाजमा कलङ्कको रूपमा रहेको **कमैया तथा हलिया प्रथा अन्त्य** भएको छ। मुक्त कमैया र हलियाको पुनःस्थापना समेत भएको छ।

२०५१ सालमा नेकपा (एमाले)को सरकारले **ज्येष्ठ नागरिक भत्ता**को प्रबन्ध सुरु गरेयता क्रमशः सामाजिक सुरक्षाको दायरा फराकिलो हुँदै गएको छ। अहिले १८ लाख ज्येष्ठ नागरिक, करिब छ लाख एकल तथा विधवा महिला, दुई लाखभन्दा बढी अपाङ्गता भएका नागरिक, साढे तीन लाख दलित बालबालिकासहित ११ लाखभन्दा बढी पाँच वर्ष मुनिका बालबालिका र २२ हजार लोपोन्मुख जातिका नागरिकले सामाजिक सुरक्षा भत्ता पाइरहेका छन्। **योगदानमा आधारित सामाजिक सुरक्षा कोष**का योगदानकर्ता करिब **२७ लाख** पुगेका छन्। देशव्यापी स्वास्थ्य बीमा कार्यक्रमबाट करिब ९९ लाख व्यक्तिहरू लाभान्वित भइसकेका छन्।

शिक्षा, स्वास्थ्य तथा आयस्तरमा भएको विकाससँगै मानव विकासको अवस्थामा उल्लेख्य सुधार भएको छ। मानव विकास सूचकाङ्क ५० प्रतिशतले बृद्धि भएको छ। दक्षिण एसियाका अन्य देशको तुलनामा नेपाल मानव विकासको परिसूचकमा धेरै पछा छैन।

**कृषि उत्पादनमा बृद्धि** भइराखेको छ।

धानको उत्पादन ३३ लाख मेट्रिक टनबाट ५९ लाख मेट्रिक टन पुगेको छ। कृषिको यान्त्रिकरण उच्चगतिमा भइरहेको छ। कृषि व्यावसायिक हुँदैछ। तीन दशकमा वन क्षेत्रको विस्तार ५० प्रतिशतले भएको छ।

**पर्यटन, व्यापार, सञ्चारमाध्यम, यातायात सेवा, वित्त, तथा गैरसरकारी तथा सहकारीलगायत सेवा क्षेत्रको विस्तार** भइरहेको छ। पर्यटक आगमन ६ गुणाले बढेको छ। सवारी साधनको संख्या २८ गुणाले बढेर झण्डै ४० लाख पुगेको छ। १६० भन्दा बढी नेपाली टेलिभिजन च्यानल, ७०० भन्दा बढी रेडियो तथा हजारौंको संख्यामा पत्रपत्रिकाहरू संचारसेवामा रहेका छन्।

**बैंक तथा वित्तीय प्रणालीमा तीव्र विकास** भएको छ। बैङ्क तथा वित्तीय संस्थाका शाखा ४४० बाट बढेर करिब १२ हजार पुगेका छन्। अहिले ७१ प्रतिशत नागरिकको बैंक बचत खाता छ। २ करोड ९० लाख खाता मोबाइल बैंकिङ्गमा जोडिएका छन्।

१५ वर्ष अघिसम्म पाँच प्रतिशत नागरिकमा मात्र पुगेको **बीमाको पहुँच** अहिले ३५ प्रतिशतमा पुगेको छ। धितोपत्र बजारमा आमनागरिकको पहुँच कैयौं गुणा बढेको छ। २० वर्षमा शेयर स्वामित्व हुने नागरिक १ लाखबाट ६५ लाख पुगेका छन्।

तीन दशकका यी सबै विकास र सुविधा विस्तारका बाबजुद नागरिकका अपेक्षा पुरा गर्न अझै धेरै प्रगति गर्नुछ। अहिलेसम्मका उपलब्धिको जगमा अब आर्थिक–सामाजिक रूपान्तरण, दिगो विकास र समृद्धिको जग बसाउन राजनीतिक स्थायित्व, तीव्र विकास र सुशासनको प्रत्याभूतिको लागि हामी प्रतिबद्ध छौं।

खण्ड–घ

# **तथ्यले भन्छ,**
# एमाले विकासको संबाहक हो,
# **एमालेले गर्छ !**

# तथ्यले भन्छ

## १. आर्थिक सामाजिक विकास
(Economic & Social Development)



### ७.५%
### आर्थिक वृद्धि दर

भूकम्प र कोभिड–१९ को कठिन समयका बाबजुद ७.५ प्रतिशतको आर्थिक बृद्धि हासिल ।



### १० लाख नेपाली गरिबीबाट मुक्त

तीन आर्थिक वर्षभित्रै १० लाखभन्दा बढी नेपालीलाई गरिबीको दुश्चक्रबाट बाहिर निकालिएको ।



### मानव विकास सूचकाङ्कमा ५ बिन्दुको सुधार

स्वास्थ्य, शिक्षा र जीवनस्तरमा भएको सुधारले मानव विकास सूचकाङ्कलाई ५ प्रतिशत बिन्दुले माथि पुर्याइएको ।

## २. भूकम्पपछिको पुनर्निर्माण
(Post-Earthquake Reconstruction)





### ८ लाख ५० हजार निजी आवास निर्माण

भूकम्पले ध्वस्त पारेका घरहरूको पुनर्निर्माण सम्पन्न ।



### ७,५०० विद्यालय र १,५०० स्वास्थ्य संस्था

शैक्षिक र स्वास्थ्य क्षेत्रका संरचनाहरूको पुनर्निर्माण गरी सेवा सुचारु ।



### सांस्कृतिक सम्पदाको जगेर्ना

रानीपोखरी र धरहरासहित १५० भन्दा बढी ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको पुनरुत्थान ।

## ३. पूर्वाधार विकासमा क्रान्ति
(Infrastructure Revolution)



### प्रतिदिन ५ कि.मि. सडक कालोपत्रे

सडक निर्माणमा दैनिक औसत ५ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य भएको ।



### दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पाइपलाइन

६९ कि.मि. लामो मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन मात्र १५ महिनामा सम्पन्न गरी सञ्चालनमा ल्याइएको ।





### आधुनिक रेल र सुरुङ मार्गको सुरुवात

जनकपुर-कुर्था रेल सेवा सञ्चालन र थानकोट-नागढुङ्गा सुरुङ मार्ग निर्माण गरी आधुनिक पूर्वाधारको जग बसालिएको ।

# एमाले विकासको संबाहक हो



## ४.राष्ट्रिय गौरवका आयोजनाहरू
(National Pride Projects)



### लोडसेडिङको अन्त्य र ऊर्जा निर्यात

मुलुकलाई पूर्ण रूपमा लोडसेडिङ मुक्त गराई विद्युत निर्यातको वातावरण सिर्जना गरिएको ।



### अन्तर्राष्ट्रिय विमानस्थल र मेलम्ची आयोजना


गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, माथिल्लो तामाकोशी र मेलम्ची खानेपानी आयोजना सम्पन्न गरिएको ।



### संघीय संरचनाहरूको निर्माण

संघीय संसद भवन र सर्वोच्च अदालतको नयाँ भवन निर्माण कार्य अघि बढाइएको ।

## ५.डिजिटल नेपाल र सुशासन
(Digital Nepal & Good Governance)




### ७७ जिल्लामा 4G सेवा विस्तार

डिजिटल नेपाल फ्रेमवर्क अन्तर्गत सबै जिल्लामा उच्च गतिको इन्टरनेट पहुँच पुर्याइएको ।



### अनुगमनका लागि 'एक्सन रुम'

आयोजनाहरूको ढिलासुस्ती रोक्न प्रधानमन्त्री कार्यालयबाटै प्रत्यक्ष अनुगमन गर्ने प्रविधिको विकास गरिएको ।




### ६५ जिल्लामा स्वास्थ्य बीमा पहुँच

स्वास्थ्य बीमा कार्यक्रमलाई २८ जिल्लाबाट ६५ जिल्लामा विस्तार गरिएको ।

# एमालेले गर्छ !

भूकम्पले क्षतविक्षत संरचना र कोभिड–१९ ले आक्रान्त जनजीवनका बीचमा पनि हामीले करिब ७.५ प्रतिशतको आर्थिक बृद्धि हासिल गरेका थियौं। अर्थतन्त्रका सबै क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउँदै थियौं। तीन आर्थिक वर्षभित्रै १० लाखभन्दा बढी नेपालीलाई गरिबीको दुश्चक्रबाट मुक्त गरिसकेका थियौं। मानव विकास सूचकाङ्कमा पाँच प्रतिशत बिन्दुले सुधार आइसकेको थियो।

भूकम्पले ध्वस्त पारेका अधिकांश संरचनाहरूको निर्माण सम्पन्न गरेका थियौं। ८ लाख ५० हजारभन्दा बढी निजी आवास, ७ हजार ५ सयभन्दा बढी विद्यालय, १ हजार ५ सयभन्दा बढी स्वास्थ्य संस्था र १ सय ५० भन्दा बढी सांस्कृतिक सम्पदाको पुनःनिर्माण सम्पन्न गऱ्यौं।

भूकम्पले जनजीवन तहसनहस भएको अत्यन्तै कष्टकर परिस्थितिमा हाम्रो पार्टी नेकपा (एमाले) तत्कालै स्वस्फूर्त रूपमा सर्वसाधारणको घर आँगनमा पुग्यो। दैनिक सरदर २५ हजार स्वयंसेवक परिचालन गरी दुई महिनाको अवधिभित्र करिब २७ हजार निजी आवास, १३ सय विद्यालयलगायत अस्पताल र राजनीतिक दलहरूका कार्यालयहरू समेत पुनःनिर्माण गऱ्यौं। बाराको सिमरा क्षेत्रमा चक्रावातले सर्वसाधारणको घर र जीवन तहसनहस गरेको विपद्को समयमा हाम्रो पार्टीको सरकारले ६ महिनाभित्रै ८ सय ६९ घर निर्माण गरी जनतालाई आवास प्रबन्ध गऱ्यो। दुःखमा जनतालाई साथ दिने र संकटबाट जनतालाई मुक्त गर्ने व्यवहारसिद्ध यो र यस्तै अन्य इतिहास हामीसँग छ।

एक आर्थिक वर्षमा १० किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने कमजोर परिणाम देखिएको हाम्रो देशमा हामी प्रतिदिन ५ किलोमिटर भन्दा बढीका दरले कालोपत्रे सडक निर्माण गर्दै थियौं। पूर्व–पश्चिम राजमार्ग चारदेखि छ लेनमा विस्तार सुरु गरेका थियौं। काठमाडौं–तराई/मधेस द्रुत मार्गको ठेक्का सम्झौता भई निर्माण सुरु गरेका थियौं। मध्यपहाडी (पुष्पलाल), मदन भण्डारी, कोशी–गण्डकी–कर्णाली करिडोरका राजमार्गहरू पाँच वर्षभित्र सम्पन्न गरिसक्ने लक्ष्यका साथ निर्माण गर्दै थियौं। हुलाकी राजमार्ग निर्माणका साथै प्रदेश राजधानीसँग वडा केन्द्र जोड्ने सडक सञ्जाल निर्माण अभियानको रूपमा अघि बढाएका थियौं। नयाँ बन्ने पक्की सडक अनिवार्य दुई लेनको हुने नीति लिएका थियौं।

आधुनिक सुरुङ मार्ग, 'सिग्नेचर' पुल निर्माण गर्दै थियौं। दक्षिण एसियाको पहिलो अन्तरदेशीय परियोजनाको रूपमा ६९ किलोमिटर लम्बाइको 'मोतिहारी–अम्लेखगञ्ज' पेट्रोलियम पाइपलाइन निर्माण सुरु भएको १५ महिनामा सम्पन्न गरी नेपाल र भारतका प्रधानमन्त्रीहरूबाट संयुक्त रूपमा उद्घाटन सम्पन्न गर्न हामी सफल भएका थियौं। अमलेखगञ्जदेखि लोथरसम्म थप विस्तार गर्ने योजना कार्यान्वयन गर्दै थियौं।

जयनगरदेखि कुर्थासम्म पहिलो आधुनिक ब्रोडगेज रेल सेवा सुरु गऱ्यौं। जनकपुर–बर्दिवास, बथनाह–विराटनगर, जलपाइगुडी–काकरभिट्टा, नौतनवा–भैरहवा लगायतका नेपाल–भारत अन्तरदेशीय रेल मार्ग निर्माणको योजना अघि बढाइरहेका थियौं। पूर्व–पश्चिम विद्युतीय रेलमार्ग, वीरगञ्ज–काठमाडौं विद्युतीय रेलमार्ग र केरुङ–काठमाडौं विद्युतीय रेलमार्ग निर्माणका लागि पूर्वाधार तयारीको कार्य अघि बढाएका थियौं।

नेपाल दक्षिण एशियामैं पहिलो खुल्ला दिसामुक्त देश घोषणा भयो।

संघीय संसद् भवन, सर्वोच्च अदालत भवनलगायत शिक्षा र स्वास्थ्य क्षेत्रका संरचनाहरूको निर्माण गर्दै थियौं। ऊर्जा संकटबाट गुज्रिएको देशलाई लोडसेडिङ मुक्त बनायौं। विद्युत निर्यातको प्रबन्ध मिलायौं। सिंचाइ सुविधा विस्तार गर्न जलाशययुक्त आयोजनाहरूको निर्माण र ठूला नदी पथान्तरण आयोजना अघि बढाएका थियौं।

डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा ल्याएका थियौं। ७७ जिल्लामा फोर–जी सेवा विस्तार गरेका थियौं। विमानस्थलहरू स्तरोन्नति गर्दै थियौं। भ्रमण वर्षको कार्यक्रममार्फत् विश्वभरबाट पर्यटकहरू आकर्षित गर्दै थियौं।

विद्यार्थी भर्नादर शतप्रतिशतमा पुग्न लागेको थियो। विद्यालयका भौतिक पूर्वाधार आधुनिक र प्रविधिमैत्री बन्दै थिए, व्यवसायिक र प्राविधिक शिक्षाको विकासमा केन्द्रित हुँदै थियौं। जनस्वास्थ्यका भौतिक तथा मानवीय पूर्वाधारहरू रूपान्तरण गर्दै, स्तरोन्नति गर्दै गुणात्मक परिवर्तनलाई प्राथमिकतामा राखेका थियौं। २८ जिल्लामा सीमित स्वास्थ्य बीमा ६५ जिल्लामा पुगिसकेको थियो। सबै नेपालीको स्वास्थ्य बीमा गर्ने र स्वास्थ्य बीमालाई दिगो बनाउने योजना बनाइरहेका थियौं।

ढिला सुस्ती रोक्न र तत्क्षणमा काम भए/नभएको अनुगमन गर्न 'एक्सन रुम' स्थापना गरी कामलाई तीव्रता दिएकै कारण राष्ट्रिय गौरवका ४ आयोजनाहरू– गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, तामाकोशी जलविद्युत आयोजना र मेलम्ची खानेपानी आयोजना यही अवधिमा सम्पन्न गरेका थियौं।

औद्योगिक विकासका लागि कानून संशोधन, व्यवसायिक वातावरण सुधार, अन्तर्राष्ट्रिय लगानी सम्मेलन, औद्योगिक क्षेत्र निर्माण गर्दै थियौं। निजी क्षेत्रको विस्तार गरी स्वदेशमै रोजगारीका अवसर विस्तार गर्दै थियौं। वैदेशिक रोजगारीमा जाने क्रम घटेको थियो।

सुशासनको आधार सुदृढ गर्दै थियौं। भ्रष्टाचार, राजस्व चुहावट, सम्पति शुद्धीकरण, विदेशी विनिमय अपचलन र सुन तस्करीविरुद्धको अनुसन्धान र अभियोजन कार्य सशक्त

रूपमा अघि बढिरहेको थियो। सरकारी सम्पत्ति अतिक्रमण गर्ने अपराधविरुद्ध अनुसन्धान र अभियोजन कार्य निर्भिकतापूर्वक अघि बढेको थियो।

भारतसँग आन्तरिक जलमार्गमार्फत् सामुद्रिक बन्दरगाहसम्म पुग्ने र चीनसँग सामुद्रिक बन्दरगाह उपयोग गर्ने अवसरसहित पारवाहन र यातायात सम्झौतामार्फत् 'भूपरिवेष्ठित' देशलाई 'भूजडित' देशमा रूपान्तर गरी दुईपक्षीय र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्दै थियौं। परराष्ट्र सम्बन्धले आत्मविश्वास, सम्मान र गन्तव्यलक्षित गतिका साथ नयाँ उचाई लिइरहेको थियो।

जलवायु परिवर्तनको कारण देशको कृषि, स्वास्थ्य र नागरिकको जीवनमा परेको असर, बढेको विपद जोखिम र पग्लिंदो हिमश्रृंखलाबारे विश्वको ध्यानआकृष्ट गर्न अन्तर्राष्ट्रियस्तरको सगरमाथा संवादको आयोजना गऱ्यौं। विश्वका ५० भन्दा बढी देश र संस्थाका प्रतिनिधि सहभागी भएको त्यस सम्मेलनबाट नेपालले जलवायु परिवर्तनका कारण भोग्नुपरेको चुनौतिबारे विश्वलाई तत्काल अर्थपूर्ण विश्वव्यापी र क्षेत्रीय सहकार्यका लागि पैरवी गर्न सफल भएका थियौं।



**१० GB**

**निःशुल्क इन्टरनेट डाटा**



**१०**

**हजारको डलर कार्ड**



**५**

**हजार रेमिटेन्स पठाउनेको खातामा**



**३०**

**लाख विद्यार्थीलाई निर्व्याजी ऋण**



**१०**

**कक्षासम्म दिवा खाजा, किशोरीलाई निःशुल्क प्याड**



**३५**

**हजार न्यूनतम पारिश्रमिक**



**३०**

**हजार स्वयंसेविकालाई भत्ता**



**३०**

**हजार प्रतिजन्म सुत्केरी पोषण भत्ता**




**३५**

**हजारसम्मको ऋण मिनाहा**



**शिक्षकको मर्यादाक्रम र सामाजिक सुरक्षा**



**सुरक्षाकर्मीको सम्मान र कल्याण**

खण्ड–ङ

## हामी गर्छौं !

**निर्वाचनपछि बन्ने हाम्रो सरकारको मन्त्रीपरिषद् बैठकबाट तत्काल निर्णय गरी समयसीमा तोकेर यी काम सम्पन्न गर्छौं:**

## १. १० जिबी इन्टरनेट डाटा

१८ देखि २८ वर्ष उमेर समूहका युवाहरूलाई एक वर्षसम्म हरेक महिना १० जिबी इन्टरनेट डाटा निःशुल्क उपलब्ध गराउने छौं।

## २. युवा र उद्यमीलाई १० हजार बराबरको डलर कार्ड

सूचना प्रविधि क्षेत्रमा आईटी/टेक उत्पादनहरूको अनुसन्धान, उत्पादन, विकास तथा निर्यात प्रवर्द्धन गर्न र स्टार्टअप व्यवसायमार्फत अनलाइन अन्तर्राष्ट्रिय कारोबारलाई सहज बनाउन युवाहरूलाई प्रतिव्यक्ति १० हजार अमेरिकी डलर बराबरको बैङ्क कार्ड उपलब्ध गराउनेछौँ।

यस सुविधाले स्टार्टअप उद्यममा जोडिन चाहने युवाहरूलाई एआई (AI), कन्टेन्ट क्रिएसन, डिजिटल मार्केटिङ, एप विकास तथा अन्य आईटी र अनलाइन सेवासम्बन्धी तालिम तथा सेवा उपयोग गर्न सहज बनाइ १० लाख युवालाई स्वरोजगारतर्फ उन्मुख गराउनेछौँ।

विदेशमा नेपाली उद्यमीले कम्पनी स्थापना गर्न तथा विदेशी कम्पनीहरूमा कुनै पनि प्रकृतिको सेयर खरिद गर्नसक्ने व्यवस्थालाई थप सहज र व्यवस्थित बनाउनेछौँ।



## वैदेशिक रोजगारीमा रहेकालाई सम्मान

विप्रेषण पठाउने श्रमिकको बैङ्क खातामा वार्षिक थप बोनस:

**रु. ५,०००**

वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता।



## ३. वैदेशिक रोजगारीमा रहेकाहरूको खातामा ५ हजार र सामाजिक सुरक्षामा निरन्तरता

वैदेशिक रोजगारीमा गएर देशमा विप्रेषण पठाइरहेका श्रमिकको सम्मानस्वरूप उनीहरूको बैङ्क खातामा वार्षिक रु. ५ हजार थप गरिदिनेछौं। वैदेशिक रोजगारीमा जाने सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा निरन्तरता हुने प्रबन्ध गर्नेछौं।

## ४. विद्यार्थीलाई २० लाख निर्व्याजी ऋण; पारिश्रमिकसहितको इन्टर्नशीप

प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई रु. २० लाखसम्म निर्व्याजी ऋण उपलब्ध गराउने छौं।

सरकारी सेवा, निजी क्षेत्रका व्यवसाय र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको इन्टर्नसिपको प्रबन्ध गर्नेछौं।

## शिक्षा र अनुभवको ग्यारेन्टी

**रु. २० लाख**

प्राविधिक उच्च शिक्षाका लागि निर्व्याजी ऋण



**पारिश्रमिकसहितको इन्टर्नशीप**

सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको व्यवस्था।





**शिक्षाको आधार**

- सबै किशोरीलाई निःशुल्क प्याड।
- १० कक्षासम्मका विद्यार्थीलाई दिवा खाजा।

## ५. सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड, कक्षा १० सम्मका विद्यार्थीलाई खाजा

सबै विद्यालयका किशोरीहरूका लागि निःशुल्क प्याड सहजरूपमा उपलब्ध गराउनेछौं। १० कक्षासम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्नेछौं।

## ६. श्रमिकहरूको न्यूनतम पारिश्रमिक २५ हजार

श्रमिकहरूको सीप, कौशल र उत्पादकत्व बढाउँदै न्यूनतम मासिक पारिश्रमिक रु २५ हजार पुऱ्याउने छौं। नियमित वा आकस्मिक, औपचारिक वा अनौपचारिक, स्वरोजगारी वा ज्याला रोजगारीमा रहेका सबै श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं।



**रू. २५,०००**

**मासिक न्यूनतम पारिश्रमिक**

श्रमिकहरूको सीप र उत्पादकत्व बढाउँदै।

औपचारिक, अनौपचारिक, स्वरोजगारी वा ज्याला रोजगारी—सबैका लागि।

**शिक्षकको मर्यादा र सामाजिक सुरक्षा**

**शिक्षक**

**शिक्षकको मर्यादाक्रम तोक्नेछौं।**

**सबै विद्यालयका शिक्षकहरूलाई**
**योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने।**

## ७. शिक्षकको मर्यादा र सामाजिक सुरक्षा

शिक्षकको मर्यादाक्रम तोक्नेछौं। सामुदायिक तथा निजीलगायतका सबै विद्यालयका सम्पूर्ण शिक्षकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं।

## ८. स्वास्थ्य स्वयंसेविकालाई २० हजार भत्ता र सामाजिक सुरक्षा

विश्व स्वास्थ्य संगठनले समेत सम्मान गरेका स्वास्थ्य स्वयंसेविकाहरूलाई थप प्रोत्साहित गर्न वार्षिक रूपमा प्रदान गरिंदै आएको भत्ता बढाएर रु. २० हजार पुऱ्याउने छौं। सबै स्वयंसेविकाहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं।

**स्वास्थ्य सेवा**

**स्वास्थ्य स्वयंसेविका**
**वार्षिक भत्ता बढाएर रु. २०,००० पुऱ्याउने।**

**योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने।**




## १. २० लाखसम्म उद्यमी महिला निर्व्याजी ऋण, २० हजार सुत्केरी महिला भत्ता र ५ लाखको निःशुल्क जीवन बीमा

महिला उद्यमशीलता विकास गर्न बैङ्क तथा वित्तीय संस्थामार्फत् रु.२० लाखसम्मको उद्यमी महिला निर्व्याजी ऋण सुविधा सहजढंगले प्रदान गर्नेछौं। व्यवसाय र ऋणको निःशुल्क बीमा व्यवस्था गर्नेछौं।

गर्भवती महिलालाई सुत्केरी हुनुअघि र पछि स्वास्थ्य परीक्षण गर्न प्रदान गरिंदै आएको घरदेखि स्वास्थ्य संस्थासम्मको यातायात खर्च दोब्बर गर्ने छौं।

घट्दो जनसंख्या बृद्धिदरको प्रवृत्ति रोक्न सुत्केरी हुने महिलालाई प्रतिजन्म रु. २० हजार मातृशिशु पोषण भत्ता दिनेछौं। गर्भवती महिलाका लागि रु. ५ लाखसम्मको जीवन बीमा निःशुल्क गर्नेछौं।






## १०. २५ हजारसम्मको ऋण मिनाह, सामाजिक सुरक्षा

राज्यद्वारा गरीब परिवारको रूपमा पहिचान भएका घरपरिवारले बैङ्क तथा वित्तीय संस्थाबाट २०८२ साल भदौसम्म लिएको रु. २५ हजारसम्मको ऋण मिनाहा गर्नेछौं । यस्ता सबै परिवारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नेछौं ।

## ११. सुरक्षाकर्मीको सम्मान र कल्याण

राष्ट्रको सुरक्षा, सार्वभौमिकता र स्थायित्वका लागि जीवन अर्पण गर्ने बहालवाला तथा अवकाशप्राप्त सुरक्षाकर्मीहरूको सम्मान र कल्याण सुनिश्चित गर्नेछौं । पेशागत मर्यादा, सेवा–सुविधा, सामाजिक सुरक्षा, स्वास्थ्योपचार तथा सीप विकाससँगै सम्मानजनक जीवनयापनको सुनिश्चितता गर्दै उनीहरूको हक र हित संरक्षण गर्नेछौं ।





१ हाम्रो अर्थ: आधा दशकमा सय खर्ब– एक दशकमा 2 सय खर्ब



२ मर्यादित श्रम: स्वदेशमैं रोजगारी, स्वदेशमैं काम



३ सुरक्षित, सम्मानजनक वास: आधुनिक, नागरिकमैत्री आवास



४ गतिशील गाउँ, आधुनिक सहर– आर्थिक विकासको नयाँ लहर




५ सहरको स्वच्छता, पूर्वाधारको पूर्णता– समुन्नत सहर हाम्रो प्रतिबद्धता



६ स्वच्छ पानी, सफा आँगन– स्वस्थ नेपाली, हाम्रो अभियान




७ उद्योग क्षेत्रको विस्तार, उत्पादनमा बृद्धि– 20 प्रतिशत योगदान, राष्ट्रको समृद्धि



८ आयात घटाउने, निर्यात बढाउने– भुक्तानी सन्तुलन राष्ट्रिय पक्षमा ल्याउने



९ आधुनिक खेती, उन्नत व्यवसाय: कृषिमै रोजगारी, पर्याप्त आय



१० हरियो वन, समुदायको धन– संरक्षण, उपयोग, दिगो व्यवस्थापन



११ सहकारीमा सुशासन र पारदर्शिता– बचतकर्ताको हित, हाम्रो प्रतिबद्धता



१२ पर्यटकको बृद्धि, लामो बसाइ– गाउँ, सहरमा काम र कमाइ



१३ खेतीयोग्य जमिनमा कुलो र नहर– बाह्रै महिना सिंचाइ, खाद्यमा आत्मनिर्भर



१४ गुणस्तरीय शिक्षा, उन्नत प्रविधि– ज्ञानयुक्त नागरिक, देशका निधि



१५ स्वस्थ खाना, योग/व्यायाम– निरोगी नेपालको महाअभियान



**१६** डिजिटल पूर्वाधार–
विकास र सुशासनको आधार



**१७** सुरक्षित यातायात, आधुनिक पूर्वाधार:
दिगो विकास, समृद्धिको आधार



**१८** स्वच्छ ऊर्जा, स्वदेशमा खपत:
हरित विकास, विदेशमा निर्यात



**१९** पुनर्निर्माण
र नयाँ निर्माण



**२०** सुदृढ वित्तीय प्रणाली:
उत्पादनशील लगानी




**२१** सिर्जनशीलता युवा, नवीन विचार–
समाज रुपान्तरणको सुदृढ आधार



**२२** ऊर्जावान् खेलाडी, देशको शान–
खेलकुदको विकास, राष्ट्रको मान



**२३** सफा हात, स्वच्छ प्रशासन–
गुणस्तरीय सेवा, जनप्रिय शासन



**२४** सबैसँग मित्रता,
छैन कसैसँग शत्रुता



**२५** नेपालका सद्भाव दूत, एनआरएनको सम्मान:
मातृभूमिको विकासमा सार्थक योगदान

**खण्ड–च**

# एमालेले बनाउँछ !

# समृद्धिका २५ स्तम्भ



## १

## हाम्रो अर्थ: आधा दशकमा सय खर्ब– एक दशकमा २ सय खर्ब

**कृषिको उत्पादकत्व, विद्युत् उत्पादन क्षमता, खनिज तथा औद्योगिक उत्पादन, सूचना प्रविधि र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्दै ७ प्रतिशतदेखि ९ प्रतिशतसम्मको आर्थिक बृद्धिद्वारा अर्थतन्त्रको आकार पाँच बर्षमा एक सय खर्ब रूपैयाँ र दश वर्षमा दुई सय खर्ब रूपैयाँको पुऱ्याउने छौं। प्रतिव्यक्ति आय पाँच वर्षमा करिब अमेरिकी डलर ३ हजार पुऱ्याउने लक्ष्यका साथ सम्पूर्ण राष्ट्रिय स्रोत, साधन र सामर्थ्य परिचालन गर्नेछौं। समतामूलक द्रूत आर्थिक विकासबाट चरम गरिबीको अन्त्य गर्छौं।**

कृषिको आधुनिकीकरण गर्दै यस क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई शिक्षा, सीप र प्रविधि विकासद्वारा औद्योगिक र सेवा क्षेत्रमा स्थानान्तरण गर्नेछौं।

समष्टिगत आर्थिक तथा क्षेत्रगत नीतिहरूलाई लगानीमैत्री र उत्पादन सहयोगी तुल्याउने छौं। वित्तीय क्षेत्रको पूँजी उत्पादक क्षेत्रमा विनियोजन गर्नेछौं। पूँजी बजारको विकास तथा सुदृढीकरण गर्दै थप आन्तरिक तथा बाह्य पूँजी परिचालन गरी उच्च आर्थिक बृद्धिका लागि लगानी परिचालन गर्नेछौं।

आर्थिक बृद्धिमा गुणक प्रभाव पार्ने क्षेत्रमा राज्यको लगानी बढाउने छौं। अर्थतन्त्रका सबै क्षेत्रको उत्पादन एवं उत्पादकत्व बृद्धि हुने र आमजनताको जीवनस्तरमा गुणात्मक सुधार आउने प्रमुख आयोजनाहरू सम्पन्न गर्न पर्याप्त हुनेगरी बजेट तर्जुमा गर्नेछौं। सार्वजनिक संस्थानको कार्यकूशलता अभिवृद्धि गनेछौं। आगामी पाँच वर्षसम्म पुँजी निर्माण र अनिवार्य दायित्वका खर्च बाहेकका अन्य खर्चहरू कटौती गरी रोजगारी सिर्जना हुने उत्पादनशील क्षेत्रमा लगानी बृद्धि गर्नेछौं। बजेटको अंक, निर्धारित समय, नतिजा र गुणस्तरको सीमा उल्लङ्घन गर्ने वा मापदण्ड पूरा नगर्नेलाई दण्डित गर्ने कानुनी व्यवस्था तर्जुमा गरी बजेट कार्यान्वयन गर्नेछौं।

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू कार्यान्वयन गर्न मात्रै सार्वजनिक ऋण लिनेछौं। सार्वजनिक ऋणलाई राष्ट्रिय सामर्थ्यको सुरक्षित अनुपातभन्दा बढ्न दिने छैनौं।

मुद्रास्फितिलाई नियन्त्रण गर्नेछौं। खाद्यसुरक्षा कायम गर्नेछौं। उत्पादन बृद्धि, मूल्य तथा आपूर्ति नियमन र उपभोक्ता सचेतना बृद्धि गरी उपभोक्त हित संरक्षण गर्नेछौं।

बैङ्किङ्ग र वित्तीय तथा सहकारी प्रणालीलाई सुदृढ र विश्वसनीय बनाउछौं। क्षेत्रगत उत्पादन र उत्पादकत्व बृद्धि गरी निर्यात व्यापारमा उल्लेखनीय बृद्धि गर्नेछौं। व्यापार घाटा क्रमशः कम गर्दै भुक्तानी सन्तुलनलाई सुदृढ बनाउने छौं।

ठूलो मात्रामा राष्ट्रिय पुँजी निर्माण, रोजगारी सिर्जना, निर्यात बृद्धि र समष्टिगत आर्थिक स्थायित्वका साथ नेपालीको जीवनस्तरमा उच्च गुणात्मक सुधार ल्याउन स्पष्ट भिजनसहितका राष्ट्रिय तथा क्षेत्रगत नीतिहरू तर्जुमा गरी कार्यान्वयन गर्नेछौं।

नीतिगत स्थायित्व र लगानीको विश्वसनीय वातावरण विकास गर्नेछौं। सरकारी क्षेत्रको प्रभावकारितामा आयामिक रूपान्तरण गर्ने छौं।

शिथिल हुँदै गएको अर्थतन्त्रलाई गतिशील तुल्याउन सार्वजनिक र निजी लगानी बृद्धि गर्ने छौं। मौद्रिक, वित्तीय तथा शासकीय सुधार गरी उद्योग र व्यापार व्यवसाय उत्थान गर्ने छौं।

निजी क्षेत्रलाई आर्थिक बृद्धिको इन्जिन मात्रै होइन, राष्ट्रिय समृद्धिको प्रमुख अभियन्ताको रूपमा परिचालन गर्ने छौं। व्यवसाय संरक्षण गरी लगानीका लागि भयरहित वातावरण सिर्जना गर्नेछौं।

गैरसरकारी तथा सामाजिक संघ–संस्थाहरूलाई गरिबी निवारण, सामाजिक उद्यमशीलता प्रवर्द्धन तथा रोजगारीका अवसर सिर्जना गर्ने राष्ट्रिय प्रयासका साझेदारका रूपमा परिचालन गर्नेछौं।

कृषि, ऊर्जा, उद्योग, पर्यटन, भौतिक पूर्वाधार, शहरी पूर्वाधार, आवास व्यवस्थापन, सूचना प्रविधि र आर्टिफिसियल इन्टिलिजेन्स, सिंचाइ, वन तथा वातावरण गरी दश क्षेत्रलाई नेपाली अर्थतन्त्रका प्रमुख संवाहक क्षेत्र निर्धारण गर्ने छौं। यी क्षेत्रमा राज्यको लगानी केन्द्रित गर्नेछौं। निजी क्षेत्रलाई यी क्षेत्रहरूमा लगानी बृद्धि गर्न प्रोत्साहन गर्नेछौं। आगामी कूल गार्हस्थ उत्पादनमा पाँच वर्षमा आईसीटी क्षेत्रको योगदान ५ प्रतिशत पुऱ्याउने छौँ। विकास र सुशासनमा सार्वजनिक निजी साझेदारी विस्तार गर्न उपयुक्त वातावरण विकास गर्नेछौं।

आयको असमानता न्यूनीकरण र चरम गरिबीको अन्त्यलाई राज्यको केन्द्रीय नीतिगत लक्ष्यका रूपमा स्थापित गर्नेछौं। समावेशी आर्थिक बृद्धिका लागि उत्पादनमुखी क्षेत्रको विस्तार गरी श्रमको न्यूनतम् जीवनयापनयोग्य मूल्य सुनिश्चित गर्नेछौं। जीवनचक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउँदै शिक्षा र स्वास्थ्यमा सार्वभौमिक, गुणस्तरीय र समान पहुँचको सुनिश्चितता गर्नेछौं।

प्रगतिशील कर प्रणाली, राज्य स्रोतको न्यायोचित वितरण, क्षेत्रीय सन्तुलित विकास र सामाजिक उद्यमशीलताको प्रवर्द्धनमार्फत् उन्नतीको अवसर, आय र सम्पत्तिमा रहेको असमानता घटाउने छौं।

# २

## मर्यादित श्रम:
## स्वदेशमैं रोजगारी, स्वदेशमैं काम

**रोजगारीका थप अवसरलाई दोब्बर बनाई वैदेशिक रोजगारीमा जाने बाध्यात्मक स्थिति हटाउछौं। रोजगारी सिर्जनालाई विकासको केन्द्रीय अजेन्डा बनाउँदै युवालाई स्वदेशमै काम र रोजगारीका अवसर उपलब्ध गराउने छौं। निजी क्षेत्रको आत्मविश्वास बढाउने लगानीमैत्री वातावरण सिर्जना गरी रोजगारी सिर्जना गर्नेछौं।**

स्वदेशमै रोजगारीका प्रशस्त अवसरहरू सिर्जना गर्न,

— उच्च आर्थिक बृद्धिबाट वार्षिक ४ लाख र सूचना प्रविधिको क्षेत्रसहित लक्षित रोजगार कार्यक्रमबाट थप एक लाख गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गर्नेछौं।

— कृषि उत्पादनको आधुनिकीकरणमार्फत् व्यवसायिक खेती, किसानहरूको सामूहिक खेती, करार खेती र खाद्य प्रशोधन उद्योग विस्तार गरेर उल्लेखनीय मात्रामा रोजगारीका अवसर सिर्जना गर्नेछौं।

— भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका आयोजना, सौर्य तथा वायु ऊर्जा र फोहोर व्यवस्थापनलगायत हरित उद्योगसम्बन्धी आयोजना सम्पन्न गरी रोजगारी बढाउन बृहद् (बिग–पुस)अभियान सञ्चालन गर्नेछौं।

— रोजगारीका थप नयाँ अवसर सिर्जना गर्न वैदेशिक लगानीका लागि अनुकूल वातावरण विकास गर्नेछौँ। छिमेकी मित्रराष्ट्रहरू चीन र भारतका विशाल अर्थतन्त्रबाट उपलब्ध उद्योग व्यवसाय विकासको सम्भावनालाई उपयोग गर्न नेपाललाई 'लजिष्टिक हव'को रूपमा विकास गर्नेछौं।

— सार्वजनिक तथा निजी क्षेत्रमा सूचना प्रविधि र आर्टिफिसियल इन्टिलिजेन्सको बढ्दो उपयोगबाट विस्तार हुने सेवा उद्योगबाट थप रोजगारी सिर्जना गर्नेछौं। टेक पार्क, इनोभेसन हवहरू विस्तार गर्नेछौं, स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने छौं।

— डाक्टर, नर्स, इन्जिनियर, कृषि, वन तथा वातावरण विज्ञ र सूचना प्रविधिलगायत विविध विधाका प्राविधिक जनशक्तिलाई देशमै रहेर रोजगारी र व्यवसाय गर्न उत्प्रेरित गर्नेछौं।

सीपमूलक र व्यवहारिक उच्च शिक्षाको विस्तार तथा आईटी, डिजिटल र रिमोट रोजगारीका अवसरहरूको सिर्जना गरी युवाका लागि स्थानीय रोजगारी, उद्यमशीलता र स्टार्टअप र नवप्रवर्तनका लागि प्रभावकारी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्नेछौं। दक्ष र सीपयुक्त श्रमिकलाई क्रमशः स्वरोजगारको हैसियतमा परिणत हुने अवसर सिर्जना गर्नेछौं। स्वरोजगार बन्न चाहने श्रमिकको लागि कम्तिमा एउटा व्यवसायिक

प्रशिक्षण दिने एउटा आवासीय विद्यालय स्थापना गर्न सबै पालिकालाई आवश्यक भौतिक पूर्वाधार तथा ऋण सहयोग गर्नेछौं।

हरेक काम मर्यादित कामको अवधारणाअनुरूप कार्यथलोमा हुने सबै प्रकारका विभेद तथा श्रम शोषणलाई अन्त्य गर्नेछौं। मर्यादित काम, उचित ज्याला र रोजगारी सुनिश्चितताको दिगो प्रबन्ध मिलाउने छौं। नेपाली श्रमिकहरूको वार्षिक उत्पादकत्व बृद्धिदर ७ प्रतिशतभन्दा बढी पुर्‍याइ आगामी पाँच वर्षमा श्रम आय दोब्बर हुने अवसर स्वदेशमै उपलब्ध गराउने छौं। स्थानीय तहमार्फत् श्रमिकको आवश्यकता र उपलब्धताको अनुसन्धान र अभिलेखीकरण गरी श्रमिकको दक्षता विकासको लागि तालिमको व्यवस्था गर्नेछौं।

कृषि, निर्माण, यातायात, घरेलु तथा घरआधारित व्यवसायमा संलग्नलगायत सबै अनौपचारिक श्रम सम्बन्धमा रहेका श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमार्फत् औपचारिक रोजगारीमा रूपान्तरित गर्ने व्यवस्था मिलाउनेछौं। यसका लागि श्रमिक पञ्जीकरण गरी पञ्जीकृत व्यक्तिलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने प्रयोजनको लागि प्रत्येक पालिकामा श्रम डेस्क स्थापना गर्नेछौँ।

विभिन्न पेशा, व्यवसाय तथा उद्यममा संलग्न उत्पिडित दलित समुदाय, अपाङ्गता भएका व्यक्ति र द्वन्द्व प्रभावितहरूलाई उद्यमशीलता विकासका लागि आवश्यक तालिमसहित सहुलियतपूर्ण ऋण र अनुदानको व्यवस्था गर्नेछौं।

वैदेशिक रोजगारीमा जानेहरूका लागि चर्को व्याजमा ऋण लिएर जानुपर्ने अवस्थाको अन्त्य गर्नेछौं। वैदेशिक रोजगारीमा जानेहरूलाई आवश्यक तालिम र प्रशिक्षणको व्यवस्था गर्नेछौं। वैदेशिक रोजगारीबाट फर्किएका र फर्कनेहरूलाई उनीहरूले सिकेको सीपअनुसारका उद्यमहरू सञ्चालन गर्न सहयोग गर्नेछौं। नेपाल र गन्तव्य मुलुकबीच द्विपक्षीय श्रम सम्झौताको माध्यमबाट विदेशी भूमिमा हुने श्रमशोषण, ठगी, लैङ्गिक हिंसालगायतका जोखिमहरूलाई नियन्त्रण गर्नेछौं।



# ३
# सुरक्षित, सम्मानजनक वासः आधुनिक, नागरिकमैत्री आवास

**भूमिहीन, सुकुम्बासी, कमजोर तथा न्यून आय भएका नागरिकका लागि आधारभूत सेवासहित सुरक्षित, सहुलियत र सम्मानजनक आवास उपलब्ध गराउने छौं । विपद् पीडित तथा जोखिममा रहेका नागरिकहरू र हेरचाहविहीन ज्येष्ठ नागरिकहरूका लागि आधारभूत सेवासहितको 'नागरिक आवास' सेवा उपलब्ध गराउने छौं ।**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन र जबर्जस्ती उठिबास लगाउने ज्यादती अन्त्य गर्न भूमि आयोगजस्ता संरचनामार्फत् दीर्घकालीन समाधान खोज्ने छौं । कुनै पनि नागरिक आवासविहीन भएर सडकमा रात बिताउन बाध्य हुनुपर्ने अवस्थाको अन्त्य गर्नेछौं ।

आमश्रमिकहरू, रोजगारीमा रहेका कर्मचारीहरू, न्यून आय भएका व्यक्तिहरू, रोजगारी, पेशा, व्यवसायको खोजीमा रहेका व्यक्तिहरू र विद्यार्थीहरूलाई भाडामा वा लामो अवधिको लिजमा सहुलियत दरको जनमैत्री आवास सुविधा उपलब्ध गराउने छौं । न्यून आय भएका नागरिकहरूलाई आवास गृह वा अपार्टमेन्ट खरीद गर्न वित्तीय सहयोग उपलब्ध गराइने छ ।

राज्यले आवासयोग्य क्षेत्रमा यातायात, खानेपानी, ढल निकास, विद्युत, सञ्चार, डिजिटल प्रविधि, शिक्षा, स्वास्थ्य, सुरक्षाका प्रबन्धहरू गर्नेछ । यो सेवा उपलब्ध गराउन कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषजस्ता संस्थाको बचत र सामाजिक संस्था तथा निजी आवास विकासकर्ताहरूको समेत योगदानमा 'नागरिक आवास कोष'को व्यवस्था गर्नेछौँ ।

देशको सन्तुलित विकास, भौगोलिक अवस्था वा वातावरणीय अनुकूलतालाई प्राथमिकतामा राखेर मौलिकताको संरक्षणमा योगदान पुग्नेगरी आधुनिक सेवा सुविधा सम्पन्न निर्धारित मापदण्डअनुसारका सुरक्षित आवास गृह निर्माण गरी उपलब्ध गराउन निजी क्षेत्रका प्रवर्द्धकहरूलाई प्रोत्साहन गर्नेछौं ।

निजी आवासका प्रवर्द्धकहरूलाई उपयुक्त भूगोलमा एकीकृत वस्ती विकास गर्न उत्प्रेरित गर्नेछौं । विपद्ग्रस्त स्थानबाट स्थानान्तरण गरी एकीकृत आवास विकास गर्ने प्रस्तावकलाई निश्चित प्रतिशत कर छुट दिने व्यवस्था गर्नेछौं ।



# ४
# गतिशील गाउँ, आधुनिक सहर– आर्थिक विकासको नयाँ लहर

**सहरलाई पूँजी, प्रविधि, सेवा र बजार विस्तारको आधार बनाउदै गाउँलाई उत्पादन र श्रमको केन्द्रको रूपमा विकास गरी गाउँ र सहरको परिपूरक विकासमार्फत् समृद्धिको राष्ट्रिय अभियान थाल्ने छौं। सहरहरूलाई राष्ट्रको छवी, गरिमा र समृद्धिको इञ्जिनको रूपमा विकास गर्ने हाम्रो नीति हुनेछ।**

सबै उप/महानगरहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय केन्द्र, औद्योगिक तथा व्यापारिक केन्द्र, नवप्रवर्तन तथा आविष्कार केन्द्र, डिजिटल पूर्वाधार केन्द्र, शिक्षा र स्वास्थ्य सेवाको उत्कृष्टताको केन्द्र, रोजगारीका अवसरको केन्द्र र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय यातायात हवको रूपमा विकास गरी 'मेगा सिटी'मा रूपान्तरण गर्नेछौं।

आधुनिक प्रविधि र पूर्वाधार विकास गर्दै सबै पालिका केन्द्रलाई गुणस्तरीय स्वास्थ्य, शिक्षा, उद्योग व्यापार, उत्पादन र रोजगारीका अवसरहरू सहित 'समृद्धिका केन्द्र'को रूपमा विकास गर्नेछौं।

मध्यपहाडी (पुष्पलाल) लोकमार्ग, कोशी–गण्डकी–कर्णाली करिडोरमा उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना प्रविधि विकास क्लष्टरको रूपमा 'करिडोर सिटी'हरू निर्माण गर्नेछौं। हुलाकी राजमार्गलाई औद्योगिकीकरण, कृषिको व्यावसायीकरण र व्यापार व्यवसायको हवको रूपमा विकास गर्नेछौं।

देशका विभिन्न भागमा रहेका प्राचीन सहरहरूको कलासँस्कृति र मौलिकताको संरक्षण गर्दै राष्ट्रिय गौरवका सहरको रूपमा विकास गर्नेछौं।

गाउँ र सहरको परिपूरक विकासलाई समृद्धिको राष्ट्रिय अभियानको रूपमा लिनेछौं। गाउँलाई उत्पादन र श्रमको केन्द्रको रूपमा र शहरलाई पूँजी, प्रविधि, सेवा र बजार विस्तारको आधार बनाउने छौं। गाउँ–सहर सहकार्यमार्फत् आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नेछौं। कृषि, पशुपालन, जडीबुटी, घरेलु तथा साना उद्योगका उत्पादनलाई सहरमा प्रशोधन, भण्डारण र बजार सुनिश्चित गरी मूल्य श्रृङ्खला विकास गर्नेछौं।

सहरमा आर्जित सीप र अनुभवलाई गाउँमा प्रयोग गर्न चाहने युवालाई सहुलियत ऋण, कर छुट र बजार पहुँचसहित उद्यमशीलता प्रोत्साहन गर्नेछौं। सहरको पूँजी, प्रविधि र व्यवस्थापन क्षमता गाउँ विकासमा परिचालन गर्न सहर–गाउँ साझेदारी कार्यक्रम सञ्चालन गर्नेछौं। नगरपालिकाले गाउँ पालिकासँग भगिनी सम्बन्धका साथ सहकार्य गर्दै उत्पादन, पर्यटन र स्थानीय उद्योग प्रवर्द्धन गर्ने व्यवस्था मिलाउने छौं।

सहरतर्फको बसाइसराइ रोक्न आधारभूत भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, सीप विकास, डिजिटल पहुँच, रोजगारीका अवसर र प्रशासनिक सेवा गाउँमै पुऱ्याउने छौं। आफ्नो गाउँ, आफैं बनाउँ अभियानको अनुभवका आधारमा स्थानीयको संलग्नतामा गाउँको पुनर्जीवनलाई राष्ट्रिय अजेन्डाका रूपमा अघि बढाउने छौं।



## ५ सहरको स्वच्छता, पूर्वाधारको पूर्णता– समुन्नत सहर हाम्रो प्रतिबद्धता

**आधारभूत पूर्वाधार निर्माणमा अन्तर्निकाय समन्वय, फोहोर व्यवस्थापन, खुला तथा हरित क्षेत्र निर्माण र नागरिक चेतना बृद्धि गरी स्वच्छ, सुन्दर र समुन्नत सहरहरू निर्माण गर्नेछौं। सार्वजनिक उपयोगिताका आधारभूत पूर्वाधारहरू निर्माण गर्ने, भत्काउने, पुनःनिर्माण गर्ने, पुनः भत्काउने दुश्चक्रलाई अन्त्य गर्नेछौं।**

खानेपानी पाइप, ढल तथा वर्षाको पानी निकास, विजुली तार, फाइबर अप्टिक्सलगायतका सार्वजनिक उपयोगिताका पूर्वाधार सेवाहरूलाई समन्वयात्मक रूपले आधुनिक, व्यवस्थित र दिगो बनाउनका लागि सबै उप/महानगरहरूमा ‘युटिलिटी टनेल’ निर्माण गर्नेछौं। देशका अन्य सहरहरूमा यी सेवालाई व्यवस्थित गर्न एउटै भूमिगत मार्ग (अण्डर ग्राउण्ड युटिलिटी करिडोर) निर्माण गर्नेछौं।

नागरिक आवास क्षेत्रमा शिक्षा, स्वास्थ्य र खानेपानी एवं सरसफाइका सेवाहरूका साथै यातायात, विद्युत र इन्टरनेट सुविधाहरूको प्रबन्ध मिलाउने छौं।

स्थानीय तहसँगको सहकार्यमा,

— ढल नेटवर्क निर्माण भइसकेका ग्रामीण तथा नगर क्षेत्रका घर, भवनमा सेप्टिक ट्याङ्की निर्माण गर्नुपर्ने मापदण्डलाई अनिवार्य गर्नेछौं। सेप्टिक ट्याङ्कीमा जम्मा भएका फोहोर मैलालाई सुरक्षित रूपमा निकाल्ने, ढुवानी गर्ने र प्रशोधन गरी वातावरणमैत्री रूपले विसर्जन तथा पुनःउपयोग गर्न योजना तर्जुमा र कार्यान्वयन गर्नेछौं।

— घर, कार्यालय, व्यवसायिक प्रतिष्ठान, उद्योग लगायतबाट निस्किने फोहोर पानी, मैला तथा जमिन सतहमा संकलित वर्षाको पानी ढल पाइपमार्फत् प्रशोधन केन्द्रसम्म पुऱ्याउन सबै शहर तथा आवासीय क्षेत्रमा ‘ढल–पाइपको नेटवर्क’ निर्माण गर्नेछौं।

— चक्रीय अर्थतन्त्रको विकास गर्न फोहोरबाट जैविक मल, ऊर्जा र पुनः प्रयोग गर्ने वस्तु उत्पादन गर्ने व्यवसायलाई विशेष सहुलियतसहित प्रोत्साहन गर्नेछौं। अन्य खतरनाक फोहोरहरूलाई ल्याण्डफिल्ड साइटमा सुरक्षित रूपले विसर्जन गर्नेछौं। सबै ल्याण्डफिल्ड साइटहरूलाई 'कभर' गर्नुपर्ने व्यवस्था लागु गर्नेछौं।

— आवश्यक मापदण्ड कार्यान्वयन गरी गाउँ–नगर–सहरलाई क्रमशः 'फोहोर शुन्य' क्षेत्र घोषणा गर्नेछौं। सहर तथा आवास क्षेत्रमा ग्रीनवेल्ट पार्क, पुष्प बगैंचा, नदी वफर जोन र सहरी वृक्षारोपणलगायत गाउँ–नगर–सहर सौन्दर्यकरणको अभियान सञ्चालन गर्नेछौं।

— सडक किनारामा निश्चित समयमा व्यवस्थिततरूपले व्यापार गर्नका लागि उपयुक्त व्यवस्था मिलाउने छौं।

— वातावरणीय प्रदूषणलाई न्यून गर्न सडक धुलो नियन्त्रण, निर्माणस्थलको सुरक्षित आवरण प्रबन्ध, न्यून कार्वन उत्सर्जन गर्ने यातायात सेवा र स्वच्छ ऊर्जाका लागि नियमनकारी व्यवस्था तर्जुमा गरी कार्यान्वयन गर्नेछौं।

हरेक उप/महानगरहरूका स्याटेलाइट सहर विकास गर्नेछौं।



# ६
# स्वच्छ पानी, सफा आँगन– स्वस्थ नेपाली, हाम्रो अभियान

**सबै नेपालीलाई चौबीसै घन्टा र सातै दिन सुरक्षित पिउने पानी उपलब्ध गराउन आगामी २ वर्षमा सम्पूर्ण घरहरूमा आधारभूत खानेपानी तथा सरसफाईमा पहुँच पुर्‍याउने छौं। आगामी ५ वर्षमा सबै जनतालाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी र सरसफाइमा पहुँच सुनिश्चित गर्नेछौं।**

'पानीको स्रोतदेखि उपभोक्ताको धारा'सम्मका सबै चरणहरूमा गुणस्तर सुधार गर्न खानेपानी व्यवस्थापनमा 'जीआइएस नक्साङ्कन' प्रणालीका उत्कृष्ट अभ्यासहरू कार्यान्वयन गर्नेछौं।

महानगर–नगर र गाउँपालिकालाई खानेपानी वितरणका जोनहरूमा विभाजन गर्नेछौं। महानगर र नगरपालिकाका सबै जोनका उपभोक्ताहरूका लागि चौबीसै घन्टा र सातै दिन निरन्तर स्वच्छ खानेपानी उपलब्ध गराउने छौं। सुख्खाग्रस्त क्षेत्रका लागि खानेपानी उपलब्ध गराउन वैकल्पिक प्रबन्ध गर्नेछौं। खानेपानीको आपतकालीन भण्डारण, वितरण र बाढी तथा पहिरो व्यवस्थापनको पूर्वयोजना तयार गर्नेछौं।

खानेपानी वितरणको नेटवर्कमा स्मार्ट प्रणाली लागु गरी गुणस्तर सुधार गर्नेछौं।

सबै सार्वजनिक स्थलहरूमा महिला, अपाङ्गता, ज्येष्ठ नागरिक, बालबालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री सार्वजनिक धारा र शौचालयको प्रबन्ध गर्नेछौं।

जलवायु अनुकूलनको क्षेत्रमा उपलब्ध जलवायु वित्तको निश्चित प्रतिशत रकम पानीका मुहान संरक्षण गर्नेजस्ता जलवायु अनुकूलन तथा जलवायु उत्थानशील कार्यक्रमहरूमा परिचालन गरी खानेपानीको आपूर्तिलाई सुनिश्चित गर्नेछौं।

जैविक विविधता, बस्ती विस्तार र मानव क्रियाकलापसँग सन्तुलन सुनिश्चित गर्नेछौं। पानीको स्रोत, माटोको उर्वरता, खाद्य उत्पादन, स्थानीय जलवायु, वन–जंगलजस्ता इकोसिस्टम सेवाहरूको संरक्षण गर्नेछौं।

पानीका मुहान, ताल, नदी, सीमसार क्षेत्रलगायतका जलाधार क्षेत्रको संरक्षण गर्नेछौं।




# ७
# उद्योग क्षेत्रको विस्तार, उत्पादनमा बृद्धि– २० प्रतिशत योगदान, राष्ट्रको समृद्धि

**उत्पादनमूलक उद्योग, खानी, विद्युत, खानेपानी तथा निर्माण क्षेत्रको विस्तार गरी कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान दोब्बर बनाउनेछौं।**

उच्च मनोबलका साथ निर्धक्क भएर उद्योग व्यवसाय सञ्चालन गरी राष्ट्रिय पुँजी निर्माणमा योगदान गर्ने सबै उद्योगी, लगानीकर्ता र स्टार्टअप उद्यमीहरूको सुरक्षाको ग्यारेन्टीसहित सम्मान बढाउने छौं। प्रतिस्पर्धी औद्योगिक क्षमता बृद्धिका लागि उत्साहवर्द्धक 'इन्डष्ट्रियल इकोसिस्टम' विकास गर्नेछौं।

उद्योग व्यवसायको स्थापना, सञ्चालन, न्यायोचित मुनाफा, लगानी फिर्ता, कर भन्सार, बैङ्क तथा वित्तीय सेवा र प्रोत्साहनलगायतका विषयहरूमा नीतिगत स्थायित्व कायम गर्नेछौं।

दैलेखको ग्याँसको व्यापारिक उत्पादन र धौवादी फलाम खानीबाट व्यापारिक उत्पादन सुरु गर्नेछौं।

उद्योग व्यवसाय सञ्चालन गर्न आवश्यक सम्पूर्ण सेवा एकल विन्दु सेवा केन्द्रबाट अनलाइन उपलब्ध गराउने छौं। यसका लागि आवश्यक सबै अन्तिम निर्णय गर्ने अधिकार एकल विन्दु सेवा केन्द्रलाई हुने

कानुनी प्रबन्ध गर्नेछौं । उद्योगी व्यवसायीहरूलाई सेवा सुविधा उपलब्ध भए वा नभएको तत्क्षण अनुगमन (रियल टाइम मनिटरिङ)को व्यवस्था गर्नेछौं ।

भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गरी एक प्रदेश–एक 'सेज' (विशेष आर्थिक क्षेत्र) सञ्चालनमा ल्याउने छौं । भैरहवा र सिमराको सेजलाई पूर्ण क्षमतामा सञ्चालन गर्नेछौं । सबै सेज र औद्योगिक क्षेत्र जोड्ने सडकलाई एक्सप्रेस हाइवेमा स्तरोन्नती गर्नेछौं । सबै सेज र औद्योगिक क्षेत्रहरूमा २४सै घन्टा र सातै दिन विद्युत सेवाको आपूर्ति सुनिश्चित गर्नेछौं । फाइवर अप्टिक्स, कनेक्टिभिटीलगायत डिजिटल सेवाका पूर्वाधारहरू उपलब्ध गराइ पानी आपूर्ति तथा फोहोर व्यवस्थापनमा सुधार गर्नेछौं ।

निर्यातमूलक उद्योगहरूलाई सेजमा आकर्षित गर्ने र साना, मझौला तथा आत्मनिर्भर अर्थतन्त्रका आधारस्तम्भ उद्योगहरूलाई औद्योगिक क्षेत्रमा आकर्षित गर्नेछौं । सूचना प्रविधिमा आधारित नवीन उद्योगहरूलाई आइटी पार्कमा आकर्षित गर्नेछौं । घरेलु तथा लघु उद्योगहरूलाई औद्योगिक ग्राममा आकर्षित गर्नेछौं ।

ठूला उद्योग व्यवसायहरूलाई औद्योगिक करिडोरमा आकर्षित गर्नेछौं । स्टार्टअप उद्यमीहरूलाई इन्कुवेसन सेन्टर, मनिटरिङ नेटवर्क तथा भेन्चर क्यापिटल पहुँचका लागि सहजीकरण गर्नेछौं ।

मूल्य अभिवृद्धिको श्रृङ्खलामा राष्ट्रले अधिकतम् लाभ प्राप्त गर्न सक्नेगरी उत्पादनका समग्र चरणहरूलाई उत्प्रेरित गर्नेछौं । देशभित्रको मूल्य श्रृङ्खलाको सशक्तिकरण गरी क्षेत्रीय तथा विश्व मूल्य श्रृङ्खलामा प्रतिस्पर्धी क्षमता बृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्नेछौं ।

सार्वजनिक निकायले सामग्री खरिद गर्दा उपलब्ध भएसम्म राष्ट्रिय उत्पादन खरीद गर्नुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्नेछौं ।

औद्योगिक उत्पादनको प्रयोगशाला परीक्षण, प्रमाणीकरण, प्याकेजिङ र ब्राण्डिङ गरेर विश्वसनीय र आकर्षक स्वरूपमा बजार पुऱ्याउन प्रवर्द्धनात्मक सहजीकरण गर्नेछौं ।

उद्योगहरूको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन हुने गरी विद्यालय, प्राविधिक शिक्षालय र विश्वविद्यालयहरूको पाठ्यक्रममा आवश्यक सुधार गर्नेछौं । उद्योगमा काम सिक्दै अध्ययन गर्ने र सीप विकास गर्ने प्रणाली विकास गर्नेछौं ।

# ८

# आयात घटाउने, निर्यात बढाउने– भुक्तानी सन्तुलन राष्ट्रिय पक्षमा ल्याउने

**विश्व बजारमा निर्यात भइरहेका नेपालमा उत्पादित वस्तुहरूको प्रवर्द्धन, सम्भावना भएका नयाँ वस्तुहरूको पहिचान र उत्पादन, व्यापार तथा पारवहन पूर्वाधार विकास र आर्थिक कुटनीतिका माध्यमबाट तीन वर्षमा निर्यात दोब्बर गर्नेछौं। पाँच वर्षमा निर्यात तेब्बर गरी आयातको कमसेकम एक चौथाइ अंश धान्ने बनाउँछौं।**

उच्च मूल्यका प्रशोधित कृषि उपज, सूचना प्रविधि, विद्युत, पिउने पानी, औद्योगिक उत्पादन, बहुमूल्य खनिज तथा वित्तीय सेवाहरू ठूलो परिमाणमा निर्यात गर्न समग्र राष्ट्रिय सामर्थ्यको अधिकाधिक परिचालन गर्नेछौं। निर्यातयोग्य वस्तु वा सेवाहरूको गुणस्तर र विश्वसनीयता बृद्धि गर्न एवं दिगो आपूर्ति सुनिश्चित गर्न अर्थतन्त्रका सबै क्षेत्रहरू र बाह्य क्षेत्रसँगको कुटनीतिक सम्बन्धलाई 'निर्यात पहिला'को नीति कार्यान्वयन गर्न केन्द्रित गर्नेछौं।

नेपाललाई 'ल्याण्ड लक्ड आयातकर्ता'बाट 'ल्याण्ड लिंक्ड निर्यातक'मा रूपान्तरण गनेछौं। छिमेकी मित्रराष्ट्रहरू भारत र चीन एवं अन्य मित्रराष्ट्रहरूसँग निर्वाध र स्वच्छ व्यापारका लागि नेपालको अधिकतम हित हुनेगरी दुईपक्षीय र बहुपक्षीय सन्धी सम्झौताहरूको कार्यान्वयन गर्नेछौं। व्यापार प्रवर्द्धनका लागि आवश्यक थप नयाँ सन्धि र सम्झौताहरू गर्नेछौं।

मित्रराष्ट्र भारतसँगका स्थलगत व्यापारिक नाकाहरू र आन्तरिक जलमार्ग हुँदै सामुद्रिक बन्दरगाहसम्मको व्यापारिक पहुँचको पूर्ण उपयोग गर्नेछौं।

मित्रराष्ट्र चीनसँग गरिएको पारवहन तथा यातायात सम्झौताअनुसार तेस्रो मुलुकसँग व्यापार गर्न उपलब्ध चिनियाँ बन्दरगाहको उपयोग गरी अन्तर्राष्ट्रिय व्यापार विस्तार गर्नेछौं।

सबै भन्सार कार्यालयबाट बढीमा ४८ घन्टाभित्र जाँचपास सम्पन्न भइसक्ने सुनिश्चित गर्न भन्सार कार्यालयहरू २४सै घन्टा सातै दिन सञ्चालन गर्नेछौं। सबै भन्सार कार्यालयबाट नेशनल सिंगल विण्डोमार्फत् सबै सम्बद्ध निकायहरूले एकैसाथ अनलाइन भन्सार सेवा दिने व्यवस्था गर्नेछौं। जोखिममा आधारित जाँचपास गर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन गर्नेछौं। निर्माणाधीन सबै एकीकृत भन्सार चेकप्वाइन्टहरूको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने छौं।



# १
# आधुनिक खेती, उन्नत व्यवसाय– कृषिमै रोजगारी, पर्याप्त आय

**कृषि उत्पादनको परम्परागत संरचनालाई 'आधुनिक उद्यम व्यवसाय'मा रूपान्तरण गर्नेछौं। कृषिको आधारभूत ढाँचा परिवर्तन गर्न नीतिगत र कानुनी सुधार गर्नेछौं। आधुनिक मेसिन, उपकरण र प्रविधिको प्रयोग गरेर उद्यमशील युवाहरूले सञ्चालन गर्ने नाफामूलक उद्योगको रूपमा कृषि व्यवसायको विकास गर्नेछौं।**

मझौला वा ठूला स्केलका खेती तथा पशु, पंक्षी, मत्स्य तथा मौरी पालनका फर्महरू सञ्चालन गर्ने कृषि उद्यमीहरूलाई सहुलियत ऋण, बीमा सुविधा र सार्वजनिक जग्गा सहुलियत दरमा लिजमा उपलब्ध गराउनेछौं।

जमिन, वित्तीय स्रोत र साधन, कृषि उपजको समर्थन मूल्य, बीमा र व्यावसायिक उत्पादनकर्तासँग अग्रिम कृषि उपज खरिद सम्झौतासहितको भूमि बैङ्कको व्यावसायिक "इकोसिस्टम" निर्माण गर्नेछौं।

जैविक मल, रोगकिरा नियन्त्रण, रैथाने बीउको संरक्षण, प्रवर्द्धन र स्तरोन्नति गरी सामुदायिक बीउ बैङ्कमा रूपान्तरण गर्नेछौं। नश्ल सुधारको अनुसन्धान तथा खोजको कार्ययोजनासहित कार्यान्वयन गर्नेछौं।

दक्ष कृषि प्राविधिक किसानको गोठ र खेतसम्म पुऱ्याउनेछौं। यसका लागि आधारभूत तहदेखि नै कृषि शिक्षाको व्यवस्था गर्नेछौं। एक वडा एक कृषि प्राविधिकको व्यवस्था गर्न कृषि विज्ञान शिक्षालाई प्रोत्साहित गर्नेछौं। सबै वडामा कम्तिमा एक अगुवा किसान स्वयंसेवक तयार गरी परिचालन गर्नेछौं।

कृषि क्षेत्रको जनशक्ति विकास गर्र्दै, कृषि अनुसन्धान, शिक्षा र प्रसारबीचको सम्बन्धलाई प्रभावकारी बनाउनेछौं। कृषि अनुदान, ज्ञानकेन्द्रको प्रविधिक सहयोग, प्रसार सेवा र समर्थन मूल्यको कार्यान्वयनलाई जवाफदेही, पारदर्शी र प्रभावकारी तुल्याउने छौं।

उत्पादनका फर्महरूका लागि प्राथमिकताका साथ सिंचाइका पूर्वाधार निर्माण गर्ने, सडकले जोड्ने र विद्युत आपूर्ति नियमित गर्नेछौं। गुणस्तरीय मलबिउ समयमै उपलब्ध गराउनेछौं।

कृषि उपजको संकलन, भण्डारण, ग्रेडिङ र प्रोसेसिङ गरी मूल्य अभिवृद्धि गर्ने, बजारसम्मको नेटवर्क तयार गर्ने र उपयुक्त मूल्यमा बिक्री गरी कृषकले नाफा आर्जन गर्नसक्ने तुल्याउन स्थानीय तहमार्फत् 'एग्रो प्रोसेसिङ जोन तथा लजिस्टिक्स नोड्स' सञ्चालनका लागि पूर्वाधार सेवा राज्यमार्फत् उपलब्ध गराउनेछौं।

नेपाललाई अर्गानिक उत्पादनको ‘हव’ बनाउन यस्तो उत्पादन र व्यवसाय सञ्चालनका लागि उपयोगमा नरहेको सार्वजनिक जमिन सहुलियत दरमा उपलब्ध गराउने, माटो परीक्षण निःशुल्क गर्ने, सर्टिफिकेशन, ब्राण्डिङ र विदेशी बजारमा निर्यात गर्ने कार्यका लागि राज्यमार्फत् वित्तीय सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउनेछौं।

उच्च मूल्यका तरकारी, फलपूmल, अलैंची, मसला, जडिबुटी, चिया, कफी र बिउहरू ठूलो परिमाणमा उत्पादन गरी निर्यात गर्ने कृषि उद्यमीहरूलाई उत्पादनमा आधारित निर्यात अनुदान उपलब्ध गराउने छौं।

खाद्य सुरक्षाका दृष्टिले सर्वाधिक महत्वपूर्ण धान, गहुँ, मकै, कोदो, फापरलगायतका प्रमुख खाद्यन्न बालीहरू ठूलो परिमाणमा उत्पादन गर्ने कृषकहरूलाई कृषि सामग्री र उत्पादनपछिको सेवामा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने छौं।

दूध, अण्डा, माछा र मासुमा आत्मनिर्भर हुँदै निरन्तर गुणस्तर सुधार गर्न प्राथमिकता दिनेछौं। आधुनिक प्रविधिमा ठूलो परिमाणमा पशुपालन, पंक्षीपालन, मत्स्य पालन र मौरी पालन गर्ने उद्यमीहरूलाई पूर्वाधार निर्माणमा अनुदान उपलब्ध गराउनेछौं। खाद्यान्नको आयातलाई आन्तरिक उत्पादनबाट क्रमशः प्रतिस्थापन गर्नेछौं।

भूमिको स्वामित्व, भूमिहीन दलित र सुकुम्वासीसम्बन्धी समस्या सदाका लागि समाधान गर्नेछौं



# १०
## हरियो वन, समुदायको धन– संरक्षण, उपयोग, दिगो व्यवस्थापन

**प्रकृति, वन र वातावरणलाई संरक्षण, व्यवस्थापन र सन्तुलनको अन्तर–पुस्ता जिम्मेवारीबोधका साथ राष्ट्रिय समृद्धिमा सदुपयोग गर्नेछौं। राष्ट्रको विकास र आमजनताको जीवन प्रणालीमा निरन्तर आर्थिक, सामाजिक र पर्यावरणीय लाभ पुग्नेगरी दिगो विकासका कार्यक्रमहरू कार्यान्वयन गर्नेछौं। प्रकृति, वन, विकास र वातावरणबीच द्वन्द होइन, एकअर्काको प्रवर्धकको रूपमा उपयोग गर्नेछौं।**

वन क्षेत्र, प्रजाती र जैविक विविधताको संरक्षणलाई प्राथमिकतामा राखेर आमजनताका आवश्यकता सम्बोधन गर्न तथा वन सम्पदामा आधारित आर्थिक क्रियाकलाप विस्तार गर्न योगदान पुग्नेगरी वन जंगल, जडिबुटीलगायत वन पैदावरको उपयोग गर्नेछौं। सामुदायिक वन, साझेदारी वनलगायत सबै

प्रकारका राष्ट्रिय वन र नीजि वनको संरक्षण, विकास र उपयोग गर्दै वार्षिक एक करोड घनफिट काठ उत्पादन गरी काठको आयातलाई पूर्णरूपमा प्रतिस्थापन गर्नेछौं।

उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको उपलब्धताका आधारमा एक पालिका, एक वन उद्यम अवधारणाअनुसार सामुदायिक– निजी– सरकारी लगानीमा वन पैदावरमा आधारित उद्योग खोल्नका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नेछौं।

पृथ्वी सबैको वासस्थान हो, यस कुरालाई हेक्का राखेर अतिक्रमणले सिर्जना गरेको मानव र वन्यजन्तुबीचको द्वन्द्वलाई न्यूनीकरण र साम्य हुनेगरी न्यायोचित व्यवस्थापन गर्नेछौं। राष्ट्रिय निकुञ्ज, आरक्षण तथा संरक्षण क्षेत्रमा प्राकृतिक इकोसिस्टम र जैविक सन्तुलन कायम गर्दै मध्यवर्ती क्षेत्रका समुदायको हित र आवश्यकता सम्बोधन गर्नेछौं।

संरक्षण कार्य र लाभ बाँडफाँडमा स्थानीय समुदायको सहभागिता बढाउनेछौं। पर्यापर्यटन प्रवर्द्धन गर्नेछौं। प्रकृति संरक्षणमा अनुसन्धान, शिक्षा र ज्ञान उत्पादनका विशिष्ट कार्यक्रमहरू सञ्चालन गर्नेछौं।

'करमुक्त सामुदायिक वन, समुदायकै धन'को रूपमा दिगो वन व्यवस्थाको लक्ष हासिल गर्न सामुदायिक वनलाई समुदायले नै संरक्षण, सम्बर्द्धन र उपयोग गर्ने नीतिलाई निरन्तरता दिनेछौं।

जलवायु परिवर्तनले उत्पन्न गरेका बहुआयामिक संकटापन्न अवस्था, जोखिम र क्षतिहरूको निवारण र अनुकूलनका राष्ट्रिय कार्यक्रमहरू कार्यान्वयन गर्नेछौं।

जलवायु परिवर्तनले पारेको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि स्थानीय समुदाय, युवा र विज्ञहरूको सोंच, ज्ञान र सीपको अधिकतम् उपयोग गर्दै नेपालले अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त गर्नसक्ने जलवायु वित्त तथा आधुनिक प्रविधिमाथिको पहुँच बृद्धि गर्नेछौं।

हरित ग्याँस उत्सजन गर्ने प्रमुख राष्ट्रहरूले जलवायु परिवर्तनको चपेटामा परेका देशहरूका लागि न्यायमा आधारित क्षतिपूर्ति, प्रविधि हस्तान्तरण, क्षमता बृद्धि र कार्वन व्यापारका विशेष सुविधाहरू प्राथमिकताका साथ उपलब्ध गराउने दायित्व निर्वाह गर्नुपर्ने विषयमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सशक्त र अर्थपूर्ण प्रतिनिधित्व गर्नेछौं।

हिमाली जलवायुको संरक्षण र प्रवर्द्धनको नेतृत्व गर्दै पर्वतीय देशहरूको हितमा आवाज बुलन्द गर्नेछौं।



# ११

## सहकारीमा सुशासन र पारदर्शिता– बचतकर्ताको हित, हाम्रो प्रतिबद्धता

**सहकारीलाई सुशासन, पारदर्शिता र सदस्य–केन्द्रित प्रणालीमा आधारित सुरक्षित, उत्पादनशील र विश्वासयोग्य आर्थिक स्तम्भका रूपमा विकास गर्दै पुनःस्थापित गर्नेछौं । कृषि, उत्पादन, मूल्य शृङ्खला, प्रशोधन, भण्डारण र बजार व्यवस्थापनको केन्द्रमा राखी सहकारीमार्फत् ग्रामीण अर्थतन्त्र सुदृढ गर्नेछौं ।**

सहकारी दर्ता, प्रतिवेदन, अनुगमन र सूचना प्रणालीलाई पूर्णरूपमा डिजिटल बनाउनेछौं । सहकारीको व्यावसायीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण र ई–कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँच विस्तार गर्नेछौं । दीर्घकालीन राष्ट्रिय सहकारी नीतिमार्फत सुरक्षित बचत, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको आधार तयार गर्नेछौं ।

समस्याग्रस्त सहकारीका कारण पीडित भएका बचतकर्ताको रकम छिटो, पारदर्शी र उत्तरदायी ढङ्गले फिर्ता गर्नेछौं । दोषीमाथि कडा कारबाही गर्दै दोषीबाट असुली हुने व्यवस्थासहित बचत फिर्ता ग्यारेन्टी कोष स्थापना गर्नेछौं ।

सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्र स्पष्ट गरी सहकारी नियमनलाई एकीकृत, सरल र प्रभावकारी बनाउनेछौं तथा दोहोरोपन हटाउनेछौं । वित्तीय कारोबार गर्ने सहकारीको कडा निगरानीका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई आवश्यक कानुनी अधिकार, आधुनिक प्रविधि र दक्ष जनशक्ति प्रदान गर्नेछौं । ठगी, अपचलन र गैरकानुनी गतिविधिमा शून्य सहनशीलता अपनाउनेछौं ।

कृषि, मूल्य शृङ्खला, प्रशोधन, भण्डारण र बजार व्यवस्थापनमा सहकारीको नेतृत्वकारी भूमिका सुनिश्चित गर्नेछौं । दर्ता, प्रतिवेदन, अनुगमन र सूचना व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग विस्तार गर्नेछौं । सहकारी उत्पादनलाई ब्रान्डिङ र ई–कमर्समार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसँग जोड्नेछौं ।

युवा, महिला, श्रमिक र सीमान्तकृत समुदाय लक्षित सहकारीमार्फत रोजगारी र स्वरोजगार सिर्जना गर्नेछौं । बन्द तथा निष्क्रिय सहकारीबाट कर्जा लिई धितो रोक्कामा परेका ऋणीहरूको समस्या समाधान गर्न विशेष कानुनी संयन्त्र लागू गर्नेछौं ।

सहकारी अभियन्ता, सञ्चालक, कर्मचारी तथा नियामकका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्नेछौं। सहकारी प्रशासनलाई व्यावसायिक, उत्तरदायी र विशिष्ट सार्वजनिक सेवाका रूपमा विकास गर्नेछौं।



# १२
## पर्यटकको बृद्धि, लामो बसाइ– गाउँ, सहरमा काम र कमाइ

**नेपाललाई रहस्यमय हिमाली, आश्चर्यजनक प्रकृति, धार्मिक र सांस्कृतिक विशेषता, विशिष्ट संस्कृति र असाधारण साहसिक पर्यटनको अनुपम अनुभवको अवसर दिने विशिष्ट पर्यटन गन्तव्यको रूपमा विश्व पर्यटन बजारमा ब्राण्डिङ गर्नेछौं।**

पर्यटनको पूर्वाधार विकास, बजार प्रवर्द्धन, हवाई सेवा विस्तार, आन्तरिक सुरक्षा र नयाँ गन्तव्यको विकास गरेर पाँच बर्षमा पर्यटक आगमन दोब्बर गर्नेछौं।

'पर्यटकको सुरक्षा पहिलो प्राथमिकता' र 'हृदयस्पर्शी, अविस्मरणीय नेपाली सत्कार'लाई मूल मन्त्र बनाएर पर्यटन सेवाको गुणस्तर बृद्धि गर्दै पर्यटकको बसाइ लम्ब्याउछौं।

नेपालसम्मको अन्तर्राष्ट्रिय उडानलाई सुविधाजनक बनाउन अन्तर्राष्ट्रिय उडान सेवा प्रदायकहरूसँग सहकार्य गर्नेछौं। आन्तरिक हवाइ सेवालाई सहज, सुरक्षित र आरामदायी बनाउनेछौं।

भिसा तथा आन्तरिक उडान भाडा दरमा पुनरावलोकन गरी 'गन्तव्य नेपाल'लाई थप आकर्षक बनाउनेछौं। लक्जरी रिसोर्ट, इकोलज, वेलनेस सेन्टरको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्नेछौं।

सामाजिक सञ्जाल, अन्तर्राष्ट्रिय ट्राभल ब्लगर, इन्फ्लुएन्सर, वृत्तचित्र र चलचित्रमार्फत नेपालका विविध पर्यटन गन्तव्य, क्षेत्र र अनुभवहरूको आक्रामक प्रचार–प्रसार गर्नुका साथै यस कार्यमा नेपाली डायस्पोराको समेत सक्रिय सहभागिता सुनिश्चित गर्नेछौं।



# १३

## खेतीयोग्य जमिनमा कुलो र नहर– बाह्रै महिना सिँचाइ, खाद्यमा आत्मनिर्भर

**तराई मधेश, पहाड र उपत्यका समेतमा ठूला मझौला सिंचाइका पूर्वाधार निर्माण र कृषकहरूले व्यवस्थापन गरेका सिंचाइ प्रणालीहरूको स्तरोन्नति गरी खेतीयोग्य जमीनमा बाह्रै महिना सहज रूपमा सिँचाइ सुविधा पुर्‍याउने छौं ।**

बबई, भेरी–बबई, सुनकोशी–मरिन, रानी–जमरा–कुलरिया, सिक्टा सिंचाइलगायतका आयोजनाहरूको निर्माण कार्य सम्पन्न गर्नेछौं । प्रदेश र स्थानीय तह समेतको सहकार्यमा आगामी पाँच वर्षभित्र थप तीन लाख हेक्टर जमिनमा सिंचाई सुविधा विस्तार गरी ७५ प्रतिशत पुर्‍याउने छौं ।

तराई, उपत्यका र पहाडमा सिंचाइका पूर्वाधार निर्माण गर्नेछौं, कृत्रिम बौद्धिकताको उपयोग गरी स्मार्ट सिंचाई प्रणाली विकास गर्नेछौं ।

सुख्खा मौसममा समेत सिंचाइ सुविधा सुनिश्चित गर्न बहुउद्देश्यीय जलस्रोत परियोजना र नदी डाइभर्सन परियोजनाहरू प्राथमिकताका साथ निर्माण गर्नेछौं । सञ्चालनमा रहेका नहरहरू र परम्परागत कृषकहरूले व्यवस्थापन गरेका सिंचाइ प्रणालीहरूको स्तरोन्नति गर्नेछौं ।

तराई र उपत्यकाका समथर खेतीयोग्य जमिनलाई लेजर लेबलिङ तथा ग्रेडिङ प्रविधिबाट सम्याई सिँचाइको प्रभावकारितामा उल्लेख्य बृद्धि गर्ने आधुनिक कार्यक्रमहरू कार्यान्वयन गर्नेछौं ।



# १४

## गुणस्तरीय शिक्षा, उन्नत प्रविधि– ज्ञानयुक्त नागरिक, देशका निधि

**सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधारमा राज्यको लगानी बढाउँदै उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय सामर्थ्य अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ शिक्षाक्षेत्रलाई अभिमुख गर्नेछौं ।**

विद्यालय शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाउँदै पूर्व–प्राथमिक शिक्षासहित सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्नेछौं। आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण कोही पनि बालबालिका विद्यालय शिक्षाबाट र किशोर–किशोरी प्राविधिक वा उच्च शिक्षाबाट बञ्चित हुने अवस्था अन्त्य गर्नेछौं।

शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोंच र राष्ट्रिय सामर्थ्य अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ अभिमुख गर्नेछौं। यसका लागि समसामयिक, व्यवहारिक, नैतिक, राष्ट्रभक्तिमूलक र डिजिटल–मैत्री पाठ्यक्रम तथा शैक्षिक सामग्री विकास गर्नेछौं।

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको क्षमता, वृत्तिविकास र मर्यादा अभिवृद्धि गर्दै उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्नेछौं।

विद्यालय शिक्षा ऐन र उच्च शिक्षासम्बन्धी ऐन जारी गर्नेछौं। विश्व विद्यालयमा देखिएका बेथितिको अन्त्य गर्दै प्राज्ञिक स्वायत्तता कायम गर्ने छौं।

शैक्षिक पूर्वाधारमा राज्यको लगानी बढाउँदै विद्यालयमा सुरक्षित वातावरण, प्रयोगशाला, पुस्तकालय, खानेपानी, स्वास्थ्य, सरसफाइ, पोषणयुक्त दिवा खाजा तथा विश्वस्तरको सिर्जनात्मक र व्यावसायिक अध्ययनको व्यवस्था गर्नेछौं। विद्यालय, विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानलाई उत्तरदायित्वसहित स्वायत्त संस्थाको रूपमा विकास गर्नेछौं।

राष्ट्रिय क्षमता, क्षेत्रगत आवश्यकता र अन्तर्राष्ट्रिय प्रवृत्तिका आधारमा प्राविधिक र साधारण शिक्षाको सन्तुलन मिलाउँदै मानव पूँजी निर्माण गर्नेछौं। विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई एकीकृत गर्न सरकार, विश्वविद्यालय, अनुसन्धान संस्था र निजी क्षेत्रको सहकार्यमा विज्ञान पार्क, प्रविधि पार्क, नवप्रवर्तन केन्द्र, इन्क्युबेसन सेन्टर तथा ग्रामीण नवप्रवर्तनशाला स्थापना गर्नेछौं। शिक्षा–अनुसन्धान–उद्यमशीलताको सम्बन्ध सुदृढ गर्दै युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नेछौं।

आधुनिक शिक्षासँगै नेपालको मौलिक शिक्षाको पुनर्जागरण गर्दै नेपाललाई शान्ति अध्ययन, योग, आयुर्वेद, ध्यान, मानसिक स्वास्थ्य र पूर्वीय दर्शनको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्नेछौं।

शिक्षा, विज्ञान र प्रविधिमा नीति, पूर्वाधार, लगानी, सुशासन र नवप्रवर्तन केन्द्रित योजनाहरू कार्यान्वयन गर्दै शैक्षिक क्यालेन्डरको पालना, रोजगारमुखी प्राविधिक शिक्षा र "पढ्दै कमाउँदै, कमाउँदै पढ्दै" कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश जाने प्रवृत्ति घटाउनेछौं।

विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालय गाभ्ने, शिक्षक दरबन्दी मिलान गर्ने, आवासीय व्यवस्था गर्ने तथा छात्रवृत्ति र सहुलियत कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउनेछौं। उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई 'विश्वविद्यालय–उद्योग सहकार्य' विस्तार गर्नेछौं।

प्राविधिक दक्षता, नैतिकता, देशभक्ति, उत्तरदायित्व र सामाजिक जिम्मेवारीबोधसहितका गुणवान् नागरिक उत्पादन गर्ने समावेशी र प्रविधिमैत्री शिक्षा प्रणाली स्थापना गर्नेछौं ।



# १५

## स्वस्थ खाना, योग/व्यायाम– निरोगी नेपालको महाअभियान

**आधारभूत स्वास्थ्य सेवामा निःशुल्क, विश्वसनीय र सबै नागरिकको पहुँचमा पुग्नसक्ने बनाउँदै सबै तहमा अस्पताल पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमै उपलब्ध गराउनेछौं । स्वास्थ्य बीमामा देखिएको वित्तीय तथा व्यवस्थापकीय समस्या हल गरी नागरिकलाई सहज स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौं ।**

आधारभूत स्वास्थ्य सेवालाई प्रमाणमा आधारित प्राथमिकीकरण गरी निःशुल्क, विश्वसनीय र सर्वव्यापी बनाउनेछौं । संघीय सरकारको वित्तीय सहयोगमा स्थानीय तहमार्फत कार्यान्वयन गरिने आधारभूत स्वास्थ्य सेवाका साथै ठूला स्वास्थ्य प्रदायक संस्थालाई पनि आफ्नो कार्यक्षेत्रमा आधारभूत सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछौं ।

स्वास्थ्य प्रणालीमा रहेको दोहोरो वित्तीय बोझ, सेवा उत्पादन–खरिदको अन्योल र बीमा–निःशुल्क सेवाबीचको दोहोरोपन हटाउन स्वास्थ्य बीमा प्रणाली र सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू क्रमशः एकीकृत गर्नेछौं । सही नीति, सुशासन र प्रभावकारी वित्तीय संयोजनमार्फत् उपलब्ध स्रोतकै अधिकतम् उपयोग गरी सर्वव्यापी स्वास्थ्य सेवा सुनिश्चित गर्नेछौं ।

स्वास्थ्य बीमा प्रणालीलाई संरचनात्मक र सञ्चालनगत सुधार गरी दिगो बनाउनेछौं । दिगो राष्ट्रिय वित्तीय स्रोतको व्यवस्था गर्दै बीमाको थैली विस्तार गर्नेछौं । आधारभूत, प्राथमिक र समग्र प्राथमिक स्वास्थ्य सेवाबीच स्पष्ट परिभाषा, सेवा प्याकेज, जिम्मेवारी र वित्तीय व्यवस्था कानूनमै स्पष्ट गर्नेछौं ।

प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तिमा एक एमडीजीपी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउनेछौं । स्वास्थ्य सेवा केन्द्रआधारित उपचार र सिफारिसमा मात्र रिफरल प्रणाली विकास गर्नेछौं । जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपलब्ध गराउनेछौं र प्रदेशस्तरमा प्रभावकारी रिफरल प्रणाली स्थापना गर्नेछौं ।

वडादेखि केन्द्रसम्म अस्पताल पूर्वाधार निर्माण र आधुनिकीकरण सम्पन्न गरी जिल्ला, प्रदेश र केन्द्रीय अस्पतालबाट विश्वस्तरीय उपचार सेवा स्वदेशमै उपलब्ध गराउनेछौं। सरकारी अस्पतालको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको नियुक्ति र परिचालन सुधार गर्दै चिकित्सक तथा स्वास्थ्यकर्मीका लागि प्रोत्साहन, सुरक्षा, वृत्तिविकास र मर्यादा अभिवृद्धि गर्नेछौं।

निजी अस्पतालको शुल्क र गुणस्तर नियमनका लागि मापदण्ड र क्यापिङ प्रणाली लागू गर्नेछौं।

संक्रमणजन्य र गैर–संक्रमणजन्य रोगको दोहोरो भारलाई सम्बोधन गर्न स्वास्थ्य प्रणालीलाई रोकथाम, प्रवर्द्धन र उपचारबीच सन्तुलित रूपमा सुधार गर्नेछौं। जनस्वास्थ्य सचेतना, स्वच्छ र पोषणयुक्त आहार, नियमित व्यायाम तथा वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, आम्ची र होमियोप्याथीलगायत परम्परागत तथा वैकल्पिक चिकित्सा प्रणालीलाई आधुनिक चिकित्सासँग एकीकृत गर्नेछौं। आधुनिक प्रविधि र कृत्रिम बौद्धिकताको प्रयोग गर्दै स्वास्थ्य प्रणालीलाई अत्याधुनिक बनाउनेछौं।

स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्दै सरकारी, निजी र सामुदायिक साझेदारी विस्तार गर्नेछौं। चिकित्सा शिक्षाको गुणस्तर र पहुँच विस्तार गर्दै विदेशबाट नेपालमा अध्ययन गर्न आउने विद्यार्थीको कोटा बृद्धि गर्नेछौं।

स्वास्थ्य संस्थालाई सेवामूलक, सुशासित र उत्तरदायी केन्द्रका रूपमा विकास गर्नेछौं। अप्रभावकारी कार्यक्रमहरूको पुनरावलोकन गरी खारेज गर्नेछौं। स्वास्थ्य क्षेत्रमा सार्वजनिक, निजी र सहकारी लगानी अभिवृद्धि गर्दै लगानी व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र कुशल बनाउनेछौं।



# १६ डिजिटल पूर्वाधार– विकास र सुशासनको आधार

**सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी सुशासनमा आमूल परिवर्तन ल्याउनेछौं। नेपालको आफ्नै भू–उपग्रह स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा र डिजिटल कनेक्टिभिटी सुनिश्चित गर्नेछौं।**

सूचना प्रविधि क्षेत्रका अवसरको उपयोग गर्दै विद्यमान चुनौती सामना गर्नसक्ने विधि र संरचना निर्माण गर्नेछौं। गलत सूचना, झुटा समाचार, डीपफेक, अल्गोरिदमिक पूर्वाग्रहमार्फत् सत्यलाई विकृत बनाउँदै

समाजलाई विभाजित गर्ने, सार्वजनिक सेवा, वित्तीय क्षेत्र र राष्ट्रिय सुरक्षामा खलल उत्पन्न हुने अवस्थाको अन्त्य गर्ने छौं ।

कृत्रिम बुद्धिमत्ता (एआइ) र जेनेरेटिभ एआईमा आधारित नवप्रवर्तनलाई उच्च प्राथमिकता दिँदै सोभरन लार्ज ल्याङ्वेज मोडल विकास र प्रयोगमार्फत् छोटो समयमै ठूलो प्रभाव पार्नसक्ने क्षेत्रहरूमा एआइ प्रविधि तत्काल लागू गर्नेछौं। डिजिटल नेपाल फ्रेमवर्कलाई समयानुकूल परिमार्जन गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछौं।

सूचना प्रविधि क्षेत्रको दीगो, समग्र र संस्थागत विकासका लागि एकीकृत, स्वायत्त र सक्षम संरचना स्थापना गर्नेछौं। नागरिक एप, डेटा सेन्टर, राष्ट्रिय परिचय–पत्र प्रणाली, एआइ केन्द्र, डिजिटल नेपाल फ्रेमवर्कलगायतका सबै प्रमुख डिजिटल पूर्वाधार इकाइहरूको स्थापना र सञ्चालन गर्नेछौं। नागरिक एपलाई 'सुपर एप' का रूपमा विकास गरी सबै मन्त्रालय र सरकारी सेवाहरू पूर्णरूपमा एकीकृत गर्नेछौं।

प्राकृतिक संरचनागत लाभहरूको अधिकतम उपयोग गर्न एआई तथा हाइपरस्केल डेटा सेन्टर पूर्वाधारमा विदेशी प्रत्यक्ष लगानी आकर्षित गर्ने रणनीति अघि बढाउनेछौं। लगानी सुरक्षासहित वातावरणीय दिगोपन र दीर्घकालीन मूल्य सिर्जना सुनिश्चित गर्न आवश्यक कानुनी, नीतिगत, नियामक तथा संस्थागत व्यवस्था निर्माण र कार्यान्वयन गर्नेछौं।



# १७
## सुरक्षित यातायात, आधुनिक पूर्वाधार– दिगो विकास, समृद्धिको आधार

**सबै गाउँपालिकालाई सबै मौसममा चल्ने कम्तिमा एक सडकले जोड्नेछौं । जिल्ला सदरमुकाम र प्रदेश राजधानीलाई राष्ट्रिय राजमार्गमा जोड्नेछौं । अब बन्ने सडकहरू कम्तिमा डबल लेनको हुने छन्, विगतमा निर्माण भएका सिंगल लेनका सडकहरूलाई डबल लेनमा स्तरोन्नति गर्नेछौं ।**

भौगोलिक र प्राकृतिक हिसाबले असम्भव बाहेकका नेपालको जुनसुकै भौगोलिक क्षेत्रमा बस्ने व्यक्तिले औसत आधा घण्टा हिंडेर सडक यातायातको सुविधा प्राप्त गर्न सक्नेगरी राष्ट्रव्यापी रूपमा न्यूनतम सडक सुविधाको सञ्जाल निर्माण गर्नेछौं।

पूर्व–पश्चिम राजमार्गलाई एक्सप्रेस हाइवेमा स्तरोन्नति गर्नेछौं। मध्यपहाडी (पुष्पलाल) राजमार्गलाई डेडिकेटेड डबल लेनको स्तरमा निर्माण गर्नेछौं। मदन भण्डारी राजमार्ग र हुलाकी राजमार्गलाई रणनीतिक

राजमार्गको रूपमा विकास गर्नेछौं। कोशी, गण्डकी र कर्णाली करिडोरलाई आर्थिक समृद्धिका मेरुदण्डको राजमार्गका रूपमा विकास गर्नेछौं।

देशको राजधानी काठमाडौँलाई तराई मधेशसँग जोड्ने द्रुतमार्ग (फास्टट्रयाक)को निर्माण निर्धारित समयभित्र सम्पन्न गर्नेछौं।

पूर्व–पश्चिम विद्युतीय रेलमार्ग आगामी एक दशकभित्र सम्पन्न गर्ने गरी निर्माण कार्यलाई तीव्रता दिनेछौं। वीरगञ्ज–काठमाडौं विद्युतीय रेलमार्ग र केरुङ–काठमाडौं विद्युतीय रेलमार्ग निर्माणका लागि पूर्वाधार तयारीको कार्य अघि बढाउनेछौं। नेपाल–भारत अन्तरदेशीय रेल मार्ग निर्माणको कार्य आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयन गर्नेछौं।

मित्रराष्ट्र भारतसँग अन्तर्देशीय जलमार्गको माध्यमबाट र मित्रराष्ट्र चीनसँग पारवहन तथा व्यापार सम्झौताबमोजिम सामुद्रिक बन्दरगाह उपयोग गरेर अन्तर्राष्ट्रिय व्यापारमा जलमार्गको पहुँच विकास गर्नेछौं।

काठमाडौँ–तराई/मधेस दू्रतमार्गलगायत निर्माणाधीन राजमार्गहरूको निर्माण सम्पन्न गर्नेछौं। राष्ट्रिय एकता, सामाजिक सद्भावलाई थप सुदृढ बनाउँदै सन्तुलित क्षेत्रगत विकासका लक्ष्यहरू हासिल गर्न राष्ट्रको लाइफलाइन मानिने सडक पूर्वाधारको गुरुयोजना तयार गरी कार्यान्वयन गर्नेछौं।

राजमार्ग, रेलमार्ग, जलमार्ग र विमानस्थललाई एकअर्कासँग आबद्ध गर्नेगरी 'एकीकृत मल्टिमोडल ट्रान्सपोर्ट सिस्टम'को विकास गर्नेछौं।

सुरक्षित, छिटो र आरामदायी यातायात सेवाका लागि सडकको गुणस्तर सुधारमा योजनाहरू केन्द्रित गर्नेछौं। अन्तर्राष्ट्रिय 'रफनेश इन्डेक्स, रोड ज्योम्यट्री र रोड फर्निचर'का उत्कृष्ट अभ्यासहरू पालना गर्दै हाम्रो सडकको गुणस्तरलाई विश्वस्तरको बनाउँछौं।

यात्रुहरूलाई सम्मानजनक व्यवहारको सुनिश्चितता गर्न, यात्रा अवधिलाई सुरक्षित बनाउन र यात्रा अवधिमा यात्रुलाई आवश्यक पर्ने पूर्व तयारीका सूचना समयमै उपलब्ध गराउन यातायात सेवाका मापदण्डहरू निर्माण गरी लागू गर्नेछौं।

सडक सुरक्षाका सबै उपायहरू अवलम्बन गरी दुर्घटना न्यूनीकरण गर्नेछौं। सडकमा निश्चित दूरी र अन्तरालमा पेट्रोलिङ गर्ने, सुरक्षा पोष्टहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनेछौं। जोखिमयुक्त सडक क्षेत्रमा सीसी क्यामरा जडान गर्ने र निश्चित दूरीमा ट्रमा सेन्टर सुविधाको प्रबन्ध गर्नेछौं।

शहरी क्षेत्रका सार्वजनिक यातायातका रुटहरूलाई व्यवस्थित गरी दश मिनेटको दूरीमा सार्वजनिक यातायातको पहुँच सुनिश्चित हुने व्यवस्था मिलाउनेछौं। शहरी क्षेत्रमा पैदलयात्रीको सुरक्षाका लागि सडक पेटीको उपयुक्त प्रबन्ध गर्नेछौं।

विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्नेछौं, सूचना प्रविधिमा आधारित एकीकृत र विद्युतीय भाडा प्रणाली विकास गरी कार्यान्वयन गर्नेछौं। लामो दूरीका सवारी साधनहरू निश्चित अन्तरालमा २४सै घन्टा उपलब्ध हुने व्यवस्था मिलाउनेछौं।

शहरी क्षेत्रमा सवारीको चाप व्यवस्थापन गर्न मेट्रोरेल, मोनोरेल, पडवे, फाष्ट ट्र्याक तथा धेरै यात्रु बोक्ने बस सेवा सञ्चालन गर्नेछौं। सार्वजनिक यातायातको पुनर्संरचना गरी ठूला शहरमा विद्युतीय बस सेवा विस्तार गर्नेछौं।

प्रमुख आन्तरिक विमानस्थलहरूलाई दैनिक १८ घन्टासम्म सञ्चालन गर्नेछौं। अन्तर्राष्ट्रिय विमानस्थललाई थप पूर्वाधारसहित आधुनिक, सुविधासम्पन्न बनाउँछौं।



# १८
## स्वच्छ ऊर्जा, स्वदेशमा खपत– हरित विकास, विदेशमा निर्यात

**जलविद्युत, सौर्य, ग्रीन हाइड्रोजन समेतको नवीकरणीय ऊर्जाको उत्पादन, प्रशारण र वितरणका आयोजनाहरू सम्पन्न गरी ऊर्जा सुरक्षाको प्रत्याभूति दिनुका साथै नेपाललाई दक्षिण एसियाको 'स्वच्छ ऊर्जा निर्यातक हव'को रूपमा विकास गर्नेछौं। विद्युत उत्पादन र प्रतिव्यक्ति विद्युत उपभोग दोब्बर बनाउनेछौं।**

स्वच्छ ऊर्जा उत्पादन र प्रशारण तथा वितरण प्रणाली निर्माण गर्नका लागि राज्यको लगानी बृद्धि गर्नेछौं। निजी क्षेत्रलाई उत्पादनसँगै प्रशारणलाइन निर्माण र विद्युत निर्यात गर्न उपयुक्त वातावरण विकास गर्नेछौं।

जलविद्युत, सौर्य ऊर्जा र ग्रीन हाइड्रोजनसमेत विकास गरी ऊर्जा आपूर्तिको विश्वसनीय प्रणाली स्थापित गर्नेछौं।

हिउँदको समयमा समेत विद्युत आपूर्तिको समस्या नरहने गरी माथिल्लो अरुण, दुधकोशी र बुढी गण्डकी आयोजनाको कार्यान्वयन गर्नेछौं। निजी विद्युत आयोजना निर्धारित समयमा सम्पन्न गर्नेछौं।

सुनकोशी–मरिन तथा भेरी–बबई नदी पथान्तरणका सिँचाई तथा विद्युत् आयोजना सम्पन्न गर्नेछौं। कृषि, उद्योग, यातायात, पर्यटन, शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय र वित्तीय क्षेत्रबाट हुने ऊर्जाको मागलाई प्राथमिकताका साथ आपूर्ति गर्नेछौं। गार्हस्थ उपभोगमा विद्युतको खपतलाई प्रोत्साहित गर्नेछौं।

तराई, उपत्यका र टारमा डीप बोरिङ तथा लिफ्ट प्रणालीबाट सिँचाइ गर्न आवश्यक विद्युत सेवा सुपथ महसुलमा उपलब्ध गराउनेछौं।

सामुदायिक विद्युतीकरणलाई प्रोत्साहन गर्न सामुदायिक विद्युत उपभोक्ता संस्थाहरूको दिगो व्यवस्थापनका लागि मौजुदा नीति, कानुन र नियमलाई पुनरावलोकन गरी जनताको घरदैलोमा दैनिक उपभोगको लागि विद्युतीय सेवालाई सुलभ बनाउनेछौं।

ग्रामीण क्षेत्रमा साना तथा मझौला उद्योग सञ्चालनका लागि र कृषिको औद्यिगिकीकरण लागि ऊर्जाको समुचित व्यवस्था गर्न सामुदायिक विद्युत उपभोक्ता संस्थाहरूको क्षमता अभिवृद्धि गर्नेछौं।



# १९
# पुनर्निर्माण र नयाँ निर्माण

**देशमा अराजक तत्वबाट गत भदौ २३ र २४ मा भएको आगजनी र तोडफोडबाट क्षति भएका सिंहदरबार, सर्वोच्च अदालत, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, प्रहरी चौकी, पालिका कार्यालयलगायतका सार्वजनिक भवनको एक वर्षभित्रै पुनःनिर्माण गर्नेछौं।**

आगजनी र तोडफोडबाट निजी क्षेत्रका सम्पत्तिमा भएको क्षतिको मूल्यांकन गरी पुनर्निर्माणका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने छौं। बीमित संरचना र व्यवसायको बीमा भुक्तानी चाँडै सम्पन्न गराउने छौं।

सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड र आगजनी गर्ने व्यक्ति पहिचान गरी कानूनी दायरामा ल्याउने छौं। दण्डहीनताको अन्त्य गर्नेछौं।

गत वर्षदेखिको बाढी, पहिरो तथा पश्चिम नेपालमा गएको भूकम्पले क्षति पुऱ्याएका संरचनाको दुई वर्षभित्र पुनर्निर्माण सम्पन्न गर्नेछौं।



# २०

## सुदृढ वित्तीय प्रणाली– उत्पादनशील लगानी

**वित्तीय क्षेत्र विकास रणनीति परिमार्जनसहित कार्यान्वयन गरी नागरिकको वित्तीय पहुँच बृद्धि, बचतको सुरक्षा र उच्च आर्थिक बृद्धिका लागि आवश्यक लगानी परिचालन गर्नेछौं।**

बैङ्क तथा वित्तीय संस्थाको नियमन सुदृढ गर्दै ऋण लगानी कृषि, उद्योग, ऊर्जा र अन्य पूर्वाधारका उत्पादनमूलक क्षेत्रतर्फ परिचालन गर्नेछौं। बीमा सेवाको प्रभावकारी नियमन, जनशक्ति विकास, क्षति मूल्याङ्कनको विश्वसनीयता बृद्धि तथा भुक्तानी दावी सहज तुल्याउँदै पहुँच विस्तार गर्नेछौं।

पूँजी बजारको प्रभावकारी नियमन, सुधार तथा विस्तार गरी लगानीका लागि स्वपूँजी र दीर्घकालीन ऋण परिचालन गर्नेछौं। शेयर लगानीकर्ताको हित संरक्षण गर्नेछौं। सामाजिक सुरक्षा कोष, सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष लगायतका सम्झौतित बचत परिचालन गर्ने संस्थाको प्रभावकारी नियमन गर्नेछौं।

वित्तीय सेवालाई पूर्ण डिजिटल बनाउने छौं। डिजिटल मुद्रा सञ्चालनमा ल्याउने छौं। वित्तीय प्रणालीमा साइबर अपराध नियन्त्रण गर्नेछौं। नियोजितरूपमा ऋण नतिर्ने प्रवृत्तिलाई रोक्नेछौं। सानोतिनो ऋणको आवश्यकता वित्तीय प्रणालीमार्फत् उपलब्ध गराई मिटरव्याजी समस्या हल गर्नेछौं।

हाईब्रिड एन्यूटी, व्लेण्डेड तथा भेञ्चर क्यापिटल, क्राउड फण्डिङ्ग, प्राइभेट इक्विटी, डायस्फोरा वण्ड, हरित वण्ड, जलवायु वित्तलगायतका वैकल्पिक वित्तको प्रबन्ध गरी उच्च आर्थिक बृद्धिका लागि पूँजी लगानीको आवश्यकता पुरा गर्नेछौं।

वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणको उत्पादनशील क्षेत्रमा उपयोग गर्न व्यवसायिक कृषि, साना मझौला उद्योग व्यवसाय तथा शेयर बजारमा लगानीका अवसर सिर्जना गर्नेछौं। विदेशी मुद्रा सञ्चितिको उच्च प्रतिफल प्राप्त हुनेगरी सुरक्षित र लाभप्रद लगानी गर्नेछौं।



# २१ सिर्जनशीलता युवा, नवीन विचार– समाज रूपान्तरणको सुदृढ आधार

**युवा पुस्तालाई शिक्षा, सीप, प्रविधि, उद्यमशीलता, नवप्रवर्तन, रोजगारी सिर्जना र नेतृत्व विकासमार्फत सशक्त बनाई राष्ट्र निर्माणमा परिचालन गर्नेछौं ।**

नेपाल हाम्रो साझा मातृभूमि हो—आजका नेपालीको मात्र होइन, भावी पुस्ताको पनि हो । विगत पुस्ताको योगदानप्रति सम्मान गर्दै भावी पुस्तालाई सबल र सक्षम बनाउँदै गौरवपूर्ण नेपाल हस्तान्तरण गर्ने लक्ष्यका साथ वर्तमान युवा पुस्ताको आवाज, आकाङ्क्षा र सम्भावनालाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम अघि बढाउनेछौं ।

युवाको शिक्षा, सीप, प्रविधि, उद्यमशीलता, स्वास्थ्य र नेतृत्व विकासमार्फत् शिक्षित, सक्षम, ऊर्जाशील र उद्यमशील युवालाई राष्ट्र निर्माणमा सक्रियरूपमा परिचालन गर्नेछौं । उद्यमशीलता प्रवर्द्धनका लागि तालिम, सीपमूलक शिक्षा, इन्टर्नसिप, स्टार्टअप सहायता र बिउपूँजीको व्यवस्था गर्दै स्थानीय तहसँगको सहकार्यमा प्रत्येक वडामा युवा–केन्द्रित उद्यम विकास गर्नेछौं ।

युवालाई सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणका संवाहकका रूपमा विकास गर्न नेतृत्व विकास, स्वयंसेवा, विपद् व्यवस्थापन र नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गर्नेछौं । राजनीतिमा युवाको सहभागिता र नेतृत्व क्षमता अभिवृद्धि गर्दै स्थानीय विकासमा उनीहरूको भूमिका विस्तार गर्नेछौं । सरसफाइ, वातावरण संरक्षण, विपद् व्यवस्थापन र सामाजिक चेतनाका लागि स्थानीय तहमा युवा स्वयंसेवक संयन्त्र निर्माण गर्नेछौं । सामाजिक कुरीति, भेदभाव, हिंसा र दुर्व्यसनविरुद्ध युवाको अग्रसरता सशक्त बनाउनेछौं ।

युवालाई राष्ट्रिय विकाससँग जोड्न प्राविधिक, व्यावसायिक, डिजिटल र नवप्रवर्तनसम्बन्धी सीप अभिवृद्धि गर्नेछौं । उद्योग–शैक्षिक साझेदारीमार्फत् इन्टर्नसिप, अप्रेन्टिसशिप र अनुभव–आधारित सिकाइ प्रवर्द्धन गर्नेछौं ।

स्टार्टअप, इनोवेसन हब र इन्क्युबेटर सेण्टरमार्फत नयाँ व्यवसाय प्रवर्द्धन गर्न सरल प्रक्रिया, कर सहुलियत, प्रारम्भिक लगानी सहयोग गर्नेछौं । युवाको उत्पादकता अभिवृद्धिका लागि सुरक्षित, लचिलो र प्रविधिमैत्री कार्य वातावरण विकास गर्दै कार्य–परिणाम आधारित प्रोत्साहन प्रणाली लागू गर्नेछौं ।

विश्वविद्यालय, अनुसन्धान संस्था र निजी क्षेत्रसँग सहकार्यमा नवप्रवर्तन तथा अनुसन्धान परियोजना अघि बढाउनेछौं। “युवा इनोभेसन पुरस्कार” र “उद्यमशीलता छात्रवृत्ति” जस्ता कार्यक्रममार्फत् उत्कृष्ट युवालाई प्रोत्साहित गर्नेछौं।

युवाको सामाजिक र वातावरणीय जिम्मेवारी अभिवृद्धि गर्दै लैङ्गिक समानता, समावेशी अवसर र दिगोपन सुनिश्चित गर्नेछौं। हरित र दिगो व्यवसाय अभ्यासमा युवाको सहभागिता बढाउनेछौं।

अन्तर्राष्ट्रिय अनुभव र साझेदारीका लागि विदेशमा प्रशिक्षण, अनुभव आदान–प्रदान, अन्तर्राष्ट्रिय स्टार्टअप नेटवर्क र नवप्रवर्तन हबसँग सहकार्य विस्तार गर्नेछौं। लगानी र वित्तीय पहुँच सहज बनाउन सरल ऋण, सह–लगानी र जोखिम न्यूनीकरणका संयन्त्र विकास गर्नेछौं।

सृजनशील, जिम्मेवार, नवप्रवर्तनशील र राष्ट्रप्रति प्रतिबद्ध युवा पुस्तालाई सुशासन र समृद्ध नेपालको बलियो आधारका रूपमा स्थापित गर्नेछौं।



## २२
## ऊर्जावान् खेलाडी, देशको शान– खेलकुदको विकास, राष्ट्रको मान

**विद्यालयस्तरबाट नै खेलाडी पहिचान गरी पूर्वाधार विकास, प्रशिक्षण, वृत्ति विकास, र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामार्फत् स्वस्थ, ऊर्जावान् र राष्ट्रको शान राख्ने खेलाडी उत्पादन गर्दै खेल जगत्लाई उन्नत बनाउने छौं।**

राष्ट्रिय खेलकूद प्रतियोगिता नियमित र निर्धारित समयमा सम्पन्न गर्नेछौं। कीर्तिपुरस्थित क्रिकेट रंगशालाको दोस्रो चरणको निर्माण सम्पन्न गरी अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्नेछौं।

विद्यालयस्तरदेखि नै बालबालिकाहरूमा रुचि र लगावअनुसार खेल क्षमताको विकास गर्न वार्षिक रूपमा खेल प्रतियोगिता गर्नेछौं। विद्यालय तथा क्याम्पसहरूमा खेल पूर्वाधार र खेल सामग्री उपलब्ध गराउन लगानी बृद्धि गर्नेछौं। हरेक विद्यालयमा अतिरिक्त क्रियाकलाप, जनस्वास्थ्य चेतना र खेल प्रशिक्षणका लागि कार्यविवरणसहित खेल शिक्षकको व्यवस्था गर्नेछौं।

आवधिक रूपमा विद्यालयस्तर, प्रदेशस्तर र राष्ट्रियस्तरमा खेल प्रतियोगिताहरू सञ्चालन गर्नेछौं। नेपाली खेलाडीहरूलाई अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागी गराउन आवश्यक सबै प्रबन्ध मिलाउने छौं।

खेलाडीको वृत्ति विकासमा जोड दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गर्ने खेलाडीहरूलाई सक्षम बनाउने छौं। सम्भावनायुक्त युवाको पहिचान, प्रशिक्षण र प्रोत्साहनमार्फत नेपालको खेलजगत्लाई नयाँ उचाइमा पुऱ्याउनेछौं।

नेपालमा दुईपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलहरूको आयोजना गरी 'खेल पर्यटन'को प्रबर्द्धन गर्नेछौं। अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई आकर्षक पुरस्कार र सम्मान उपलब्ध गराउने छौं।



# २३
# सफा हात, स्वच्छ प्रशासन– गुणस्तरीय सेवा, जनप्रिय शासन

**सुशासनलाई देशको शासकीय प्रणालीको मूल आधार बनाउँदै विधिसम्मत, जवाफदेही, पारदर्शी, भ्रष्टाचारमुक्त तथा सेवाग्राही मैत्री शासन पद्धति सुनिश्चित गर्नेछौ।**

आमजनसमुदायको प्राथमिक चासो, देशले मागेको, युवापुस्ताको आकाङ्क्षाअनुसार भ्रष्टाचारमुक्त राज्य सञ्चालन, समाज, निजी क्षेत्र र वैयक्तिक जीवन निर्माण गर्ने लक्ष्यमा हामी दृढतापूर्वक अघि बढ्नेछौं। भ्रष्टाचारविरुद्ध उदाहरणीय र प्रभावकारी कानुनी कारबाहीको अभियान सञ्चालन गर्नेछौं। शून्य सहनशीलताको नीतिलाई आधुनिक प्रविधि र शसक्त कानुनी संयन्त्रमार्फत कठोर रूपमा कार्यान्वयन गर्नेछौं।

न्यायप्रणालीको क्षमता र दक्षता अभिवृद्धि गरी एक वर्षभन्दा पुराना अधिकांश मुद्दा फस्र्योट हुनसक्ने प्रबन्ध गर्नेछौं।

स्थानीय तहका न्यायिक समितिलाई साधन स्रोत सम्पन्न बनाई क्षमता विकास गराउने छौं।

सबै सुरक्षा निकायको मनोबल उकास्दै सुरक्षाकर्मीको क्षमता र दक्षता बृद्धि गरी राष्ट्रिय सुरक्षा सुदृढ गर्नेछौं। देशको आन्तरिक मामिलामा बाह्य हस्तक्षेप अन्त्य गर्छौं। देशको भूमि कुनै पनि राष्ट्रका विरुद्ध प्रयोग हुन दिंदैनौं।

अघिल्लो संसदकालमा विचाराधीन रहेका विधेयकहरू नयाँ प्रतिनिधिसभाको बैठक बसेको तीन महिनाभित्र पारित गर्नेछौं।

निर्वाचन प्रणालीलाई स्वतन्त्र, स्वच्छ र कम खर्चिलो बनाउन कानूनी सुधार गर्नेछौं। संवैधानिक परिषद्, न्याय परिषद् र राजनीतिक दलसम्बन्धी कानूनमा सुधार गर्नेछौं। न्यायालय र अनुसन्धान गर्ने

निकायहरूको स्वतन्त्रतालाई अझ अनतिक्रम्य बनाउनेछौं। न्याय सम्पादनमा ढिलाई नहुने गरी न्याय प्रणालीको संस्थागत र प्राविधिक क्षमता विकास गर्नेछौं। अशक्त, असहाय र विपन्न नागरिकका लागि निःशुल्क कानुनी सहायता सुनिश्चित गर्नेछौं।

भ्रष्टाचारको निगरानी र अनुसन्धानका लागि 'कृत्रिम बौद्धिकतामा आधारित डिटेक्शन प्रणाली'को प्रयोग सुरु गर्नेछौं।

विकास निर्माणका ठूला, मझौला र साना सबै परियोजनाहरू स्थानीय समुदायले निर्धारण गरेका प्राथमिकताका आधारमा कार्यान्वयन गर्नेछौं। आयोजनासम्बन्धी लाभग्राही तथा उपभोक्तालाई नागरिक एपजस्ता डिजिटल माध्यममार्फत पूर्ण जानकारी उपलब्ध गराई स्वामित्व र सहभागिता सुनिश्चित गर्नेछौं। उपभोक्ता समितिमार्फत् हुने निर्माण कार्यलाई पारदर्शी र जवाफदेही बनाउनेछौं।

राज्यका सबै कार्यहरूको मूल्याङ्कन नतिजा–आधारित बनाउनेछौं। नीति निर्माण, भौतिक संरचना विकास र सेवा प्रवाह प्रणालीलाई स्वच्छ, प्रभावकारी, सेवाग्राही मैत्री र परिणाममुखी बनाउने छौं। राज्य प्रणालीका सबै तहमा कार्यसम्पादनका आधारमा पुरस्कृत गर्ने र अक्षम तथा दायित्व वहन नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने स्पष्ट प्रक्रिया लागू गर्नेछौं।

विकास निर्माणसम्बन्धी निर्णय प्रक्रिया पूर्णरूपमा पारदर्शी र जवाफदेही बनाउँदै स्वार्थको द्वन्द्वलाई कडाइका साथ निषेध गर्नेछौं। ठूला र मझौला विकास परियोजनाहरूको ठेक्का प्रक्रिया विद्युतीय प्रणालीमार्फत् पूर्ण पारदर्शी, यथार्थपरक र अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्नेछौं। विकास परियोजनाको कार्यान्वयनमा सदाचार, मितव्ययिता र गुणस्तरका स्पष्ट मापदण्ड लागू गरी प्रभावकारी निगरानी सुनिश्चित गर्नेछौं।


नागरिकता, पासपोर्ट, ड्राइभिङ लाइसेन्स, राष्ट्रिय परिचय–पत्र, जग्गा कारोबार, मालपोत, नापी–नक्सालगायतका  सेवा डिजिटलाइज गर्नेछौं। विद्युत, यातायात, खानेपानी, इन्टरनेटजस्ता आधारभूत सेवा, वैदेशिक रोजगारी, कम्पनी दर्ता, कर प्रशासन, शिक्षा, स्वास्थ्य र स्वच्छ पर्यावरणसम्बन्धी सेवाहरू स्पष्ट मापदण्डअनुसार निर्धारित समयमै उपलब्ध गराउनेछौं।

राज्य सञ्चालनलाई पूर्णरूपमा पारदर्शी, जिम्मेवार र उत्तरदायी बनाउनेछौं। सरकारले घोषणापत्रअनुसार काम गरेको–नगरेको, जनताले तिरेको करको सदुपयोग भएको–नभएको, बजेटको बाँडफाँड र खर्चको अवस्था, विकास निर्माणको प्रगति, सार्वजनिक सेवाको पहुँच, गुणस्तर, समय र झन्झटको स्थिति, साथै नागरिकता, यातायात, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाभत्ताको कार्यान्वयन अवस्थालगायत सबै सार्वजनिक कार्यसम्पादनसम्बन्धी तथ्यपरक जानकारी नियमित रूपमा डिजिटलाइज र अद्यावधिक गरी नागरिकलाई उपलब्ध गराउनेछौं।

सार्वजनिक क्षेत्रको कार्यसम्पादनबारे प्रत्येक नागरिकले सहज र तत्काल जानकारी लिनसक्ने व्यवस्था मिलाउनेछौं। यसका लागि राष्ट्रिय सुरक्षा, कूटनीतिक संवेदनशीलता र वैयक्तिक गोपनीयतासँग सम्बन्धित सूचनाबाहेकका सबै सार्वजनिक सूचनाहरू खुला गर्ने व्यवस्थासहित ‘ओपन डाटा ऐक्ट’ निर्माण गर्नेछौं।

वित्तीय कारोबारमा पारदर्शिता र जवाफदेहिता कायम गरी देशलाई ग्रे लिष्टबाट निकाल्ने र अन्तर्राष्ट्रिय कारोबारमा कालोसूचीमा पर्नबाट रोक्ने छौं।

देशको पहिलोपटक भएको सार्वभौम शाख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ्ग)बाट प्राप्त उत्साहप्रद नतिजालाई बाह्य लगानी परिचालनमा उपयोग गर्दै अझ उच्च रेटिङ्ग हुनेगरी आर्थिक तथा शासकीय सुधार गर्ने छौं।



## २४
## सबैसँग मित्रता, छैन कसैसँग शत्रुता

**सार्वभौम समानता, स्वाधीनता र भौगोलिक अखण्डताको सम्मान गर्दै विश्व शान्ति, सहअस्तित्व र सबैसँग मित्रतामा आधारित परराष्ट्र नीतिप्रति प्रतिबद्ध हुनेछौं। छिमेकी देशहरूसँगको सम्बन्धलाई अझ विश्वासिलो र मित्रवत् बनाउने छौं।**

सबै राष्ट्रसँग सम्मानजक सम्बन्ध राख्छौं। सबै राष्ट्रको सार्वभौमसत्ता र स्वाधीनताको सम्मान गर्दछौं र अन्य राष्ट्रहरूबाट त्यस्तै व्यवहारको अपेक्षा गर्दछौं। हामी सार्वभौम समानतामा विश्वास गर्दछौं। कुनै पनि राष्ट्रको स्वाधीनता, स्वनिर्णय, भौगोलिक अखण्डतामाथिको अतिक्रमण–हस्तक्षेप अस्वीकार गर्दछौं।

हामी संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्न परराष्ट्र नीति, शान्तिपूर्ण सहअस्तित्व, अहस्तक्षेप, पारस्परिक समझदारी र सहयोगलगायतका पञ्चशीलका सिद्धान्तमाथि विश्वास गर्दछौं। युद्धको विपक्षमा र विश्व शान्तिको पक्षमा निर्धक्क उभिन्छौं।

हामी संवाद र सद्भाव प्रेरित सबै प्रयत्नमा सहभागी हुनेछौं र विवेकपूर्ण योगदान गर्नेछौं। नेपाल र नेपालीको गौरव बृद्धि हाम्रो अभिष्ट हो।

छिमेकी मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई अझै मजबुत एवं सौहाद्र बनाउन र पारस्परिक सहयोग अभिवृद्धि गर्न निरन्तर प्रयास गर्नेछौं। हामी कुनै पनि छिमेकीहरूको अहित चिताउँदैनौं र अहित हुने कुनै काम गर्दैनौं। सबै मित्रराष्ट्रहरूसँग अन्तर्राष्ट्रिय, क्षेत्रीय संघ–संगठनहरूसँग सहकार्य गर्नेछौं। हामी कुनै आग्रह

पूर्वाग्रह राख्दैनौं, 'सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' हाम्रो विदेश सम्बन्ध सञ्चालनको आधारभूत नीति हो ।

श्रम कुटनीतिलाई प्रभावकारीरूपमा प्रवर्द्धन गर्नका लागि श्रम गन्तव्यका सबै देशहरूमा सामाजिक सुरक्षाको प्रावधानसहित द्विपक्षीय श्रम सम्झौता गर्नेछौं । राज्यले आफ्ना नागरिकलाई दिने सेवा नेपालमा मात्र नभई जहाँ नेपाली छन्, त्यहीँसम्म विस्तार गर्नेछ ।

उत्पादनका क्षेत्रमा वैदेशिक प्रत्यक्ष लगानी प्रवर्द्धन गरी नेपालमै रोजगारीको अवसरहरू बृद्धि गर्न विदेशस्थित नियोगहरूको आर्थिक कुटनीतिक क्षमता विकास गर्नेछौं ।



# २५

## नेपालका सद्भाव दूत, एनआरएनको सम्मान– मातृभूमिको विकासमा सार्थक योगदान

**विदेशमा रहनुभएका गैरआवासीय नेपालीहरूलाई हामी अन्तर्राष्ट्रिय जगतमा नेपालको 'सद्भाव दूत'को रूपमा लिन्छौं । नेपाली डायस्पोराको नीति निर्माण, व्यवसाय प्रवर्द्धन, लगानी परिचालन र सामाजिक विकासमा योगदान बढाउन राष्ट्रका विभिन्न सार्वजनिक निकायहरूमा प्रतिनिधित्वको व्यवस्था गर्नेछौं ।**

हामी डायस्पोरालाई पनि 'राष्ट्र निर्माणको अभियन्ता' बनाउन चाहन्छौं। त्यसैले नेपालको आर्थिक विकासका लागि गैरआवासीय नेपालीहरूलाई 'खास प्राकृतिक लगानीकर्ता'(सुप्रिम अर्गानिक इन्भेष्टर) को स्थानमा राख्नेछौं । राष्ट्रिय विकासका प्रमुख पूर्वाधार क्षेत्र र निर्यातमूलक उद्योगमा लगानी गर्न वार्षिक रु. एक खर्बको डायस्पोरा बन्ड जारी गर्ने व्यवस्था मिलाउने छौं ।

विदेशमा बस्ने नेपालीहरूको नेपालमा रहेको सम्पत्तिको संरक्षण गर्नेछौं। लगानीबाट आर्जित मुनाफा फिर्ता लैजान पाउने कानुनी प्रबन्ध गर्नेछौं। राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी गर्ने गैरआवासीय नेपाली नागरिकहरूलाई थप कर छुटको व्यवस्था गर्नेछौं।

विदेशमा रहेका नेपालीहरूको मुद्दामामिला प्राथमिकताका साथ दूरत गतिमा हेर्ने र विदेशबाट राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गर्नेछौं ।

विदेशमा रहेका नेपालीलाई लगानीका निर्णयहरू सहित राज्यका तर्फबाट उपलब्ध गराइने सम्पूर्ण सेवाहरू एकल बिन्दूबाट उपलब्ध गराउने व्यवस्था कार्यान्वयन गर्नेछौं ।

पहिलो पुस्ताका डायस्पोराका लागि हामी “सेवा निवृत्तिपछि मातृभूमि फर्कौं” प्याकेज ल्याउनेछौं, दोस्रो पुस्ताका डायस्पोरालाई एक्सचेञ्ज, इन्टर्नशीप र स्टार्टअपमा आकर्षित गर्नेछौं।

**दिदीबहिनी तथा दाजुभाइहरू,**

हाम्रो देशको विकास र समुन्नतिको लागि भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई समेत ध्यानमा राखी जनआकाँक्षाअनुरूप काम गर्न हामीले भरमग्दुर प्रयास गर्नु पर्नेछ। नेकपा (एमाले) यस कार्यमा सबै जनतासँग हातेमालो गर्न चाहन्छ। जनताको सक्रिय सहभागिता र क्रियाशील भूमिका विना सार्थक विकास हुन सक्दैन भन्ने हाम्रो मान्यता छ। नेकपा (एमाले) नेतृत्वको सरकार निर्माण हुँदा गरिने केही कामलाई हामीले समृद्धिका २५ स्तम्भका रूपमा अघि सारेका छौं। आम मतदाताहरूका चाहना र विषय विज्ञका सल्लाहका आधारमा विकास र सुशासनको काम अघि बढाउने छौं। हामी यस घोषणापत्रमा उल्लेख गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै दिदीबहिनी दाजुभाइहरूको विश्वास, सद्भाव, सहयोग र सहकार्यका लागि आह्वान गर्दछौं।

नेपाललाई समृद्ध बनाउने, नेपाली जनतालाई सुखी बनाउने, नेपालको स्वाधीनता र स्वाभिमान जोगाउने, जनताको लोकप्रिय पार्टी नेकपा (एमाले) नै हो। यस पार्टीलाई नेपालको निर्णायक राष्ट्रिय शक्ति बनाउनु पर्छ। लोकतान्त्रिक विधि, संवैधानिक प्रक्रियाबाट र जनताको लोकप्रिय मतबाट बहुमतको सरकार निर्माण गर्न यो निर्वाचन महत्वपूर्ण अवसर हो। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गरी नेपाललाई महान् देश बनाउने गन्तव्यमा पुग्न यहाँहरूको अमूल्य मतको हामी हार्दिक अपेक्षा गर्दछौं।



समृद्ध देश, साझा गन्तव्यः

सुखी जनता, सुदृढ भविष्य !

